
# लेखापरीक्षण प्रतिवेदन

# दैलेख

## २०७२।७३




## महालेखापरीक्षकको कार्यालय

### काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# प्राक्कथन

नेपालको संविधानले महालेखापरीक्षकलाई संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण गर्ने जिम्मेवारी सुम्पेको छ । महालेखापरीक्षकले संविधान, प्रचलित कानून र लेखापरीक्षणका मान्य सिद्धान्त बमोजिम सार्वजनिक स्रोत साधनको परिचालन, विकास निर्माण एवं सेवा प्रवाहमा रहेका कमी कमजोरी र आर्थिक अनियमितता पहिचान गरी सुधारका लागि सुझावसहित प्रतिवेदन गर्दै आएको छ ।

सार्वजनिक प्रशासनलाई स्वच्छ, निश्पक्ष, पारदर्शी र जवाफदेही बनाई सुशासनको प्रत्याभूति गर्न राज्यका क्रियाकलाप निर्देशित हुने संवैधानिक व्यवस्था छ । जिम्मेवार व्यक्तिले सरकारी आम्दानी वा खर्च गर्दा नियमसम्मत, मितव्ययी, दक्ष, प्रभावकारी र औचित्यपूर्ण तवरले गर्नुपर्ने र आफूले गरेको आर्थिक कारोबारको आन्तरिक जाँच गरी वा गराई ठीक छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने कानूनी व्यवस्था छ । यसबमोजिम आर्थिक कारोबार नभएबाट नै बेरुजू सिर्जना हुने गरेको छ ।

पारदर्शी आर्थिक कारोबारले जवाफदेहिता, विश्वसनियता र आर्थिक अनुशासन कायम राख्न मद्दत पुऱ्याउँदछ । आफ्नो कामप्रतिको निष्ठा, पेशागत इमान्दारिता र जिम्मेवारीको बोध हुन सकेमा मात्र सरकारी आर्थिक कारोबार सुदृढ हुन सक्दछ । यसका निमित्त आर्थिक कारोबार गर्ने कार्यालय, नियमनकारी निकाय तथा सरोकारवाला सबैको ध्यान पुग्नु जरुरी छ । यस क्रममा आन्तरिक नियन्त्रण र लेखापरीक्षणको भूमिका उत्तिकै महत्वपूर्ण रहने हुनाले यसमा पनि प्रभावकारिता ल्याउनुपर्दछ ।

लेखापरीक्षणमा जोखिमको पहिचान गरी कार्यालयको छनौट, योजना/कार्यक्रम तर्जुमा, प्रबेश बैठक, स्थलगतरुपमा परीक्षण गरी प्रमाण सङ्कलन, मस्यौदा उपर छलफल पश्चात् कार्यालयगत रुपमा लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपलब्ध गराइएको छ । कानूनबमोजिम ३५ दिनभित्र फछ्र्यौट नभई बाँकी रहेका ब्यहोरा मिलान गरी प्रतिवेदनमा समावेश गरिएको छ ।

बहुजनहितायको मान्यता अवलम्बन गर्दै प्रतिवेदनमा सहज पहुँच पुऱ्याई सरोकारवालालाई सुसुचित गर्ने उद्देश्यले यो प्रतिवेदन प्रकाशित गरिएको छ । यसबाट आगामी दिनमा संघीय, प्रदेश र स्थानीय तहको जनचासो सम्बोधन गरी प्रतिवेदन गर्न सहयोग मिल्ने विश्वास लिइएको छ । प्रतिवेदन तयार गर्न योगदान पुऱ्याउनु हुने सबैमा कार्यालय आभार व्यक्त गर्दछ । साथै प्रतिवेदनलाई कार्यान्वयनमा ल्याई सरकारी आर्थिक कारोबारमा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न सबै पक्षबाट सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ । यो प्रतिवेदन कार्यालयको वेभसाइट *www.oagnep.gov.np* मा समेत राखिएको छ ।

# विषय सूची


| सि.नं. | | विषय | पृष्ठ |
|---|---|---|---|
| १. | | लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति | १ |
| २. | | लेखापरीक्षण र बेरुजूको स्थिति | २ |
| ३. | | कार्यालयगत लेखापरीक्षण व्यहोरा | ३ |
| | ३.१. | जिल्ला निर्वाचन कार्यालय | ३ |
| | ३.२. | सरकारी वकिल कार्यालय | ३ |
| | ३.३. | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | ३ |
| | ३.४. | जिल्ला बिकास समितिको कार्यालय | ६ |
| | ३.५. | जिल्ला प्राबिधिक कार्यालय | १० |
| | ३.६. | नयाँ शहर आयोजना, राकमकर्णाली | ११ |
| | ३.७. | जिल्ला प्राबिधिक कार्यालय | १२ |
| | ३.८. | मालपोत कार्यालय | १३ |
| | ३.९. | जिल्ला स्वास्थ्य कार्यालय | १३ |
| | ३.१०. | जिल्ला शिक्षा कार्यालय | १५ |
| ४. | | आन्तरिक लेखापरीक्षण | १७ |
| अनुसूची १ : लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क | | | १८ |
| अनुसूची २ : बेरुजूको स्थिति | | | १९ |
| अनुसूची ३ : जिल्ला विकास समितिको कार्यालयको आय व्यय विवरण | | | २० |
| अनुसूची ४ : जिम्मेवार पदाधिकारीको नामावली | | | २१ |

# लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानूनी व्यवस्था :** संविधानको धारा २४१ मा महालेखापरीक्षकले संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र कानुनद्वारा तोकिएका अन्य संस्थाको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी लेखापरीक्षण गर्नु पर्ने व्यवस्था छ। लेखापरीक्षण (संशोधन सहित) ऐन, २०४८ ले महालेखापरीक्षकले लेखापरीक्षण गर्ने निकायको सबै वा कुनै ईकाइ मात्र छनौट गरी आर्थिक कारोबारको विस्तृत वा आंशिक रुपमा परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, प्राप्त तथ्यहरु दर्साउन, त्यसमा आलोचना गर्न र राय सहितको प्रतिवेदन गर्न सक्ने व्यवस्था छ । संविधान, लेखापरीक्षण ऐन र अन्य कानुनद्वारा प्रदत्त व्यवस्था अनुरुप लेखापरीक्षण गरिएको छ ।

२. **उद्देश्य** : सार्वजनिक आर्थिक कारोबारमा स्वच्छता, पारदर्शिता, जवाफदेहिता, विश्वसनियता र अनुशासन प्रबर्धन गराउनु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ । लेखापरीक्षण गर्दा देहायका विषयको परीक्षण एवं विश्लेषणमा केन्द्रित गरिएको छ :

- विनियोजन, राजस्व र धरौटीको लेखा तोकिएको ढाँचामा राखेको र यथार्थ स्थिति चित्रण गरेको,
- स्वीकृत कार्यक्रम, बजेट र अख्तियारीको सीमा भित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्व लगायत समस्त आम्दानी, असूली एवं दाखिला र धरौटी आम्दानी कानुन सम्मत रहेको,
- सरकारी सम्पत्तिको अभिलेख, सुप्रबन्ध र संरक्षणको पर्याप्त व्यवस्था गरेको,
- नगदी, जिन्सी तथा सरकारी सम्पत्ति एवं स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको,
- आर्थिक कारोबार गर्दा प्रचलित कानुनको पालना गरेको एवं पुष्ट्याई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रम अनुसार निर्धारित समय भित्र प्रगति हासिल गरेको,

३. **क्षेत्र** : यस जिल्ला स्थित अनुसूची १ मा उल्लिखित सरकारी कार्यालय र समितिको २०७२।७३ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

४. **पद्धति :** संविधान, लेखापरीक्षण ऐन, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाई) द्वारा प्रतिपादित सिद्धान्त र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षणको क्रममा देहायका मानदण्ड एवं मार्गदर्शन प्रयोग गरिएको छ ।

| | |
|---|---|
| • सरकारी लेखापरीक्षण नीति मानदण्ड,<br>• वित्तीय लेखापरीक्षण मार्गदर्शन,<br>• महालेखापरीक्षकको लेखापरीक्षण सम्बन्धी निर्देशन तथा परिपत्र,<br>• संयुक्त लेखापरीक्षण टोली सम्बन्धी निर्देशन,<br>• गुणस्तर आश्वस्तता निर्देशिका,<br>• आयोजना हिसाबको लेखापरीक्षण मार्गदर्शन,<br>• राजस्व लेखापरीक्षण मार्गदर्शन, | • सार्वजनिक खरिद व्यवस्थाको लेखापरीक्षण मार्गदर्शन,<br>• प्रशासकीय खर्चको लेखापरीक्षण मार्गदर्शन,<br>• जिल्ला विकास समिति लेखापरीक्षण निर्देशिका,<br>• जोखिममा आधारित लेखापरीक्षण निर्देशिका,<br>• लेखापरीक्षकको आचारसंहिता,<br>• सार्वजनिक संस्थाका लेखापरीक्षकको लागि निर्देशन, |

वार्षिक योजना र कार्यक्रमको अधीनमा रही स्थलगत रुपमा लेखापरीक्षण गरी प्रतिवेदन गरिएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धिका लागि कार्यान्वयन चरणमा निरीक्षण, सुपरिवेक्षण तथा आचारसंहिता पालनाको अनुगमन गरी गुणस्तर आश्वस्तताको निमित्त सम्पादित कामको पुनरावलोकन गर्ने गरिएको छ ।

लेखापरीक्षण गरिने निकाय र कारोबारको छनौट गर्दा जोखिम मूल्याङ्कनको आधारमा स्वीकृत योजना र कार्यविधि अबलम्बन गरी अनुसूची १ बमोजिम १२ कार्यालयको विस्तृत र १९ कार्यालयको आन्तरिक लेखापरीक्षण तथा केन्द्रीय आर्थिक विवरणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएकोछ ।

# लेखापरीक्षण र बेरुजूको स्थिति

१. **लेखापरीक्षण :** यस जिल्ला स्थित ३१ सरकारी कार्यालयको बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार समेत रु.३ अर्ब ६८ करोड६२ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क अनुसूची १ मा उल्लेख छ।

२. **बेरुजू :** आर्थिक कार्यविधि ऐन, २०५५ अनुसार प्रचलित कानुन बमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजूको रुपमा परिभाषित गरिएको छ।

यस वर्ष १२ कार्यालयको प्रारम्भिक प्रतिवेदनवाट कूल दफा १८८ र रु १७ करोड १८ लाख बेरुजू देखिएकोमा ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउन सम्बन्धित कार्यालयहरुलाई जानकारी गराइएको थियो। प्रतिवेदन अबधिसम्म ११ कार्यालयको प्रतिक्रिया बाट फछ्र्यौट र समायोजन भएका ९९ दफा र रु १० हजार मिलान गरी १२ कार्यालयको दफा ८९ र रु १७ करोड १७ लाख ९० हजार बेरुजू बाँकी रहेको छ। लेखापरीक्षणका प्रारम्भिक प्रतिबेदनमा उल्लेख भएको दफा संख्यामा प्रतिकृयाबाट फछ्र्यौट एवं समायोजन गरी बाँकी दफा संख्या कायम गरिएको छ। लेखापरीक्षणको क्रममा ३ लाख १४ हजार र प्रतिक्रियाबाट रु १० हजार समेत रु ३ लाख २४ हजार असुल भएको छ।

बाँकी बेरुजू मध्ये असुल उपर गर्नुपर्ने रु. ५६ लाख ९७ हजार, अनियमित रु.१३ करोड ७३ लाख २३ हजार र पेश्की रु.२ करोड ८७ लाख ७० हजार रहेको छ। यस सम्वन्धि विवरण अनुसूची २ मा उल्लेख छ।

३. **सुझाव :** तोकिएको प्रक्रिया अपनाइ समयमै बेरुजू फछ्र्यौट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हो। प्राप्त अख्तियारीबमोजिम कार्यसञ्चालन गर्ने, जिम्मा लिने, खर्च गर्ने, लेखा राख्ने, बेरुजू फछ्र्यौट गर्ने गराउने, सरकारी नगदी जिन्सी असुलउपर गर्ने गराउने तथा दाखिला गर्ने र सरकारी कामको जिम्मा लिने व्यक्तिलाई कानुनले जिम्मेवार व्यक्ति तोकेको छ। बेरुजू औंल्याइएका कार्यालय र जिम्मेवार पदाधिकारीको नामावली अनुसूची ४ मा दिइएको छ।

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९८ अनुसार असुलउपर गर्नुपर्ने देखिएको बेरुजू जिम्मेवार व्यक्तिबाट समयमै असुलउपर गरी फछ्र्यौट गर्नुपर्दछ।

अनियमित बेरुजूको हकमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २१(२) र नियम १०० (३) बमोजिम सरकारी हानि नोक्सानी भए नभएको यकिन गरी प्रचलित कानुनको रीत पुऱ्याउनुपर्नेमा रीतसम्म नपुगेको तर सरकारी हानि नोक्सानी नभएको अवस्थामा यथेष्ठ प्रमाण र मनासिब कारणसहित नियमित गरेर फछ्र्यौट गर्नुपर्दछ। तर सरकारी नगदी जिन्सीको हानि नोक्सानी भएको अवस्थामा जिम्मेवार व्यक्तिउपर नियमानुसार कारबाहीसहित हानि नोक्सानी भएको रकम असुलउपर गरी अनियमित बेरुजू फछ्र्यौट गर्नुपर्दछ। प्रमाण पेश नभएको अनियमित व्यहोरा सम्बन्धमा प्रमाण कागजात पेश गरी फछ्र्यौट गर्नुपर्दछ।

पेश्की बेरुजू अन्तर्गत म्याद नाघेको पेश्की आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ अनुसार कारबाही गरी र म्याद बाँकी रहेको पेश्कीको हकमासम्झौता वा कबुलियतनामामा अनुसार फछ्र्यौट गर्नु गराउनुपर्दछ।

# कार्यालयगत लेखापरीक्षण व्यहोरा

## जिल्ला निर्वाचन कार्यालय

१. **जिन्सी :** आर्थिक कार्यविधि नियमावली, २०६४वमोजिम जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेखित व्यहोराको नखुलेका सामानहरुको मुल्य खुलाएर राख्ने तथा नियम ५०(३)वमोजिम लिलाम विक्री गर्नुपर्ने मालसामान ६ महिनाभित्र र मर्मत सम्भार गर्नुपर्ने भए ३ महिना भित्र गरीसक्नु पर्ने व्यवस्था छ । जिन्सी निरीक्षण प्रतिवेदनमा चालु हालतमा नरहेका सामानहरु लिलाम गर्नुपर्ने र मर्मत गर्नुपर्ने भनी उल्लेख भएका सामानहरु मर्मत गरी जिन्सी अद्यावधिक गर्नुपर्ने देखिन्छ ।

## जिल्ला सरकारी वकिल कार्यालय

१. **भवन निर्माण :** भवन निर्माणको लागि रु २९६८१२८२/२८ लागत अनुमान तयार गरी बोलपत्रको माध्यम द्वारा ठेक्का व्यबस्था भएकोमा एक संयुक्त उपकम निर्माण व्यबसायीको ठेक अंक रु २८३०१११९/९८ स्विकृत गरी दुई बर्ष भित्र कार्य सम्पन्न गर्ने गरी मिति २०७१/४/२१ मा सम्झौता सम्पन्न भएको सो निर्माण कार्यमा यो वर्षसम्ममारु २७०७३१०१/१९ खर्च भएको छ ।२०७३।४।२१ भित्र कार्य सम्पन्न हुन नसकेकोमा अद्यापी म्याद थप स्वीकृत नभएको, कार्य सम्पादन जमानतको म्याद समाप्त भइसकेको, नियमानुसार निर्माण कार्यको विमा नगराएको र रु १४,९६,७९२।०० मूल्य अभिवृद्धि कर निर्माण व्यबसायीलाई भुक्तानी दिएकोमा आन्तरिक राजश्व कार्यालयलाई जानकारी दिएको छैन । नियमानुसार सोको प्रकृया पुऱ्याई निर्माण कार्य गराउनु पर्दछ ।

२. **दोहोरो भत्ता भुक्तानी :** अर्थ मन्त्रालयको कार्यसन्चालन निर्देशिका बमोजिम एउटै कार्यालयमा कार्यरत कर्मचारीलाई एकै पटक दुई प्रकारको भत्ता खर्च लेख्न नमिल्ने व्यबस्था छ । यस जिल्लामा भएको ट्रेड युनियनको निर्वाचनमा सात जना पदाधिकारीहरुले रु २३००१२/-भत्ता भुक्तानी लिएको र निजहरुले सम्बन्धित कार्यालयमा पनि कार्यसम्पादनमा आधारित भत्ता रकम भुक्तानी लिएको हुँदा एकै पटक दोहोरो भत्ता भुक्तानी भएको देखियो । यसरी दोहोरो भत्ता भुक्तानी लिन मिल्ने आधार प्रमाण पेश नभएकोले सो रकम सम्वन्धितबाट असुल हुनुपर्दछ ।

## खानेपानी तथा सरसफाई डिभिजन कार्यालय

१. **अख्तियारी :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३२ को उपनियम (१), (२) मा कार्यालयको उद्देश्य लक्ष्य र स्वीकृत बजेटअन्तर्गत आफ्नो मन्त्रालय र अन्तर्गत संचालन हुने कार्यक्रम मन्त्रालयले स्वीकृत गर्नुपर्ने एवम् स्वीकृत कार्यक्रम र बजेटखर्च गर्ने अख्तियारी आर्थिक बर्ष शुरु भएको १५ दिन भित्र सम्बन्धित कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ। खानेपानी तथा ढल निकास विभागले बिभिन्न शीर्षकहरुको शुरु अख्तियारी २०७२।४।१८ देखि २०७३ असार मसान्तसम्म पठाएको देखियो । तालुक निकायसंग समन्वय गरी समयमा कार्यक्रम तथा अख्तियारी पठाउन तथा प्राप्त गर्ने व्यवस्था गर्नुपर्दछ ।

२. **चौमासिक खर्च :** कार्यालयले खर्च व्यवस्थापनलाई प्रभावकारी वनाउन चौमासिक खर्चमा सन्तुलन कायम गर्नुपर्दछ । तर कार्यालयले पूँजीगत तर्फको खर्च गर्दा सो व्यवस्था भन्दा फरक गरी खर्च गरेको छ । यो वर्ष भएको पूँजीगत खर्च रु १५,३०,१३,२८२।०० मध्ये तेस्रो चौमासिकमा मात्र रु ९४९५९५५६/- (६२.०५%)र आषाढ महिनामा मात्र रु ५७५६०५३६/-

(३७.६२%)खर्च गरेकोले विकास निर्माणको कार्यको गुणस्तरीयता र प्रभावकारीताप्रति आश्वस्त हुने अवस्था छैन ।

३. **टुक्रा टुक्रा पारी खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ वमोजिम सार्वजनिक निकायले रु १० लाख भन्दा बढी लागत अनुमान भएको मालसामान वोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । यो वर्ष रु ४७,६९,३७०/-बराबरको पाइप, फिटिङ्गस तथा प्यानसेटहरु विभन्न ८ टुक्रा गरी दरभाउपत्र बाट ४ आइटम र सोझै ४ आइटम खरिद गरेको छ । नियमले व्यवस्था गरे वमोजिम प्रतिस्पर्धा हुने गरी वोलपत्रको माध्यमबाट सामान खरिद गर्नुपर्दछ ।

४. **जिन्सी व्यवस्थापन :** कायालयले आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० बमोजिम जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेखित व्यहोराको कार्यान्वयन गर्नुपर्नेमा गरेको छैन । यसको साथै जिन्सी भण्डारको अवस्था निरीक्षण गर्दा भण्डारमा रहेका खप्ने केही सामानको मूल्य नखुलाइको, सामान व्यवस्थित ढंगले नराखेको, पाइपहरुको उचित संरक्षण हुने गरी भण्डारण नगरेको, विभिन्न साइजका पाइपहरुको योजनागत खर्च खाता नराखेको देखिएकोले यसमा सुधार गरी जिन्सी सामानलाई व्यवस्थित गर्नुपर्दछ ।

५. **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (१) मा रु ६० लाखसम्म लागत भएको निर्माण कार्य मात्र सम्बन्धित उपभोक्ता समितिबाटगराउन सकिने तथा उपनियम १(क) मा उल्लेखित रु ६० लाखसम्मको लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिजेन्सी र जन सहभागिताको अंश समेतको रकम समावेश हुने व्यवस्था छ । भाप्र, मजुवा, बडलम्जी खानेपानी योजनाको रु २७ करोड १६ लाख ५६ हजार लागत अनुमान भएको क्रमागत खानेपानी योजनाको कार्य उपभोक्ता समितिबाट गराई यो वर्षसम्ममा रु ९ करोड ७७ लाख १४ हजार खर्च भएको छ । उपभोक्ता समितिलाई नियमले तोकेको सिमाभित्र पर्ने फेरोसिमेन्टटैंकी, कलेक्शन च्याम्बरजस्तो जटिल प्राविधिक पक्ष समावेश भएको काम बाहेक अन्य काम दिनुपर्नेमा सो नभएकोले नियमको व्यवस्थाको पालना भएको छैन ।

६. **ठेक्का व्यवस्थापन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) अनुसार लागत अनुमान तयार गर्ने, ठेक्का सम्झौता गर्ने कार्य प्रथम चौमासिक भित्र गरी सक्नुपर्ने व्यवस्था छ । कार्यालयबाट प्राप्त अनुसूची २३ वमोजिमको विवरण अनुसार प्रथम चौमासिकमा रु ७८ लाख ४७ हजारको २ ठेक्का मात्र भई रु ४ करोड ८९ लाख ३७ हजारको ९ वटा ठेक्का सम्झौता दोश्रो र तेश्रो चौमासिकमा गरेको देखिएकोले नियमको पाना भएको छैन । नियमको व्यवस्थाको पालना हुनुपर्दछ ।

७. **म्याद थप :** एक निर्माण व्यबसायी संग २०७०/३/३० मा सम्झौता गरी निर्माणाधिन सानाशहरी खानेपानी तथा सरसफाईआयोजनाको कुल लागत अनुमान रु. ३१,५२,८५,०२८।५५ रहेकोमा निर्माण व्यवसायीसंग रु २४,११,२८,५३२।४३ मा ठेक्का सम्झौता गरिएको योजनाको म्याद २०१५ जनवरी ३१ सम्ममा सम्पन्न गर्ने उल्लेख भएकोमा२०७२ साउन १५ गतेसम्म ६ महिनाको लागि थप भएको थियो । भूकम्प, नाकावन्दी जस्ता कारण देखाई उक्त अवधिमा समेत योजना सम्पन्न हुन नसकेकोले २५ मे २०१७ सम्म म्याद थपको लागि निवेदन दिएकोमा म्याद थप स्वीकृति भएको छैन । दशौं रनिङ्ग विलसम्म निर्माण व्यवसायीलाई रु १०,०९,०४,२१०/०८ भुक्तानी भैसकेको अवस्थामा म्याद थपको कारवाहीलाई टुंगो लगाई सम्झौता अनुसारको कार्यसम्पन गराउनु पर्दछ ।

८. **दोस्रो साना शहरी खानेपानी आयोजना :** दैलेखको कूल भुक्तानी गर्नुपर्ने रकममध्ये निर्माण व्यवसायीलाई ७० प्रतिशत रकम नेपाली मूद्रामा र ३० प्रतिशत रकम यु.एस.डलरमा भुक्तानी गर्ने उल्लेख भएको छ । दशौं रनिङ्ग विलसम्ममा अमेरिकी डलर २८७५४९/२१ स्थिर दर ८७/२६ को हुने रु २५०९१५४४/- खर्च भएको छ ।

८.१. आयेजनाको लागि आवश्यक पर्ने सामाग्री खरिद वापत पेश्की उपलब्ध गराएकोमा रु १,०२,३४,३११/०३ फछ्र्यौट नभएकोले नियमानुसार असुल फछ्र्यौट गर्नु पर्दछ ।

८.२ मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७अनुसार विलको भुक्तानी लिदा रितपूर्वकको सक्कल विजक पेश गर्नुपर्नेमा बिभिन्न पार्टीलाई रु १०,७८,३००।०० भुक्तानी गर्दासक्कल विजक राखी भुक्तानी गर्नुपर्नेमा गरेको छैन ।

९. **सामान मौज्दात :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ ले खरिद आवश्यकताको पहिचान गर्नुपर्ने व्यवस्था गरेको छ । सरसफाई कार्यक्रमको लागि आवश्यक पर्ने प्यान सेटगत वर्षको२ वटा बाँकी रहेकोमा उपयोगमा नआइ मौज्दात रहेकोमा यो वर्ष रु ३,१९,८८०/- को ४२० वटा खरिद भएकोमध्ये योजनागत अभिलेख नै नराखी खर्च देखाई ३६८ अद्यापी मौज्दातमा राखेको छ ।

१०. **कार्य सम्पन्न प्रतिवेदन :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ वमोजिम कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि रितपूर्वकको कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्नेमायो वर्ष रु ३५,९७,०००/- कोविभिन्न २० वटा योजनामा खर्च गरेकोमा कार्य सम्पन्न प्रतिवेदन राखेको छैन ।

११. **बढी भुक्तानी :** उपभोक्ता समितिबाट संचालित कालावोजन खानीपानी योजना रु १०३३९७/- लागतमा सम्पन्न गरेकोमा सो को २० प्रतिशतले हुने अशं रु २०६७९/- कट्टी गरी हुने रकम रु ८२,७१७/- मात्रभुक्तानी गर्नुपर्नेमा रु १०००००।०० भुक्तानी गरेकोले बढी भुक्तानी भएको रु १७,२८३।- असुल गर्नुपर्दछ ।

१२. **नापी किताव :** खरिद भएको पाइप र फिटिङ्गसका सामाग्री जिन्सी खातामा आम्दानी जनाए पश्चात योजनागत र खातामा आम्दानी बाँधी उपयोगको आधारमा नापी कितावमा खर्च जनाई मौज्दात घटाउनु पर्दछ तरनिम्न लिखित पाइप जडानको नापी कितावमा उल्लेखित परिणाम भन्दा कार्यालयको सम्वन्धित जिन्सी खाताका शीर्षकमा बढी खर्च देखाएको पाइयो । नापी कितावमा देखिएको वास्तविक पाइप जडान परिणाम अनुसार जिन्सी खातामा मौज्दात घट्नुपर्नेमा के कति कारणबाट यस्तो हुन गएको हो यसतर्फ कार्यालयको ध्यानाकर्षण हुनपर्ने देखिन्छ । यस सम्वन्धमा जिन्सी खाताबाट खर्च लेखिएको मध्ये केही पाइप तथा फिटिङ्गसहरु आयेजनामा प्रयोग नभै मौज्दात पनि रहने गरेको छ । आर्थिक वर्षको अन्त्यमा वजेट प्राप्त नै पाइपतथा फिटिङ्गस खरिद हुने गरेकोले यस्तो हुन गएको भन्ने कार्यालयको भनाई रहेतापनि आयोजनागत साइट रजिष्टर राख्ने गरेको समेत पाइएन साथै नापी कितावमा नचढेकोरु४७,२७,३४३/४९ मुल्यबिभिन्न साइजका १८ प्रकारका पाइपको विभिन्न परिमाण सम्वन्धित योजनामा उपयोग गरी नापी कितावमा चढाई खर्च भएको छैन । नापी कितावमा प्रविष्ट गरी योजनागत खाताको सामान आम्दानी खर्च हिसाव अद्यावधिक गर्नुपर्दछ ।

# जिल्ला बिकास समितिको कार्यालय

१. **हिसाव मिलान :** श्रेस्ता अनुसार बैंक मौज्दात रु.४,७७,७४,१९०/८८ हुनुपर्नेमा बैंकविवरण अनुसार रु.४,४२,५४,१९०/८८ देखिएकोले रु ३५,२०,०००।- बैंक घटि देखिएको छ । सो को हिसाब मिलान गरी स्पष्ट गर्नुपर्दछ ।

२. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ कोप्रक्रिया पुऱ्याएर समयमा पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । यो वर्षसम्मको फछ्र्यौट हुन बाँकी पेश्की रु.३८,९१,७१०।८० देखिएकोमा नियमानुसार असुल फछ्र्यौट गर्नुपर्दछ ।

३. **चौमासिक खर्च :** जिल्ला विकास समितिले उपलब्ध गराउने सेवाबाट अपेक्षित प्रतिफल प्राप्त गर्ने तत्सम्बन्धी कार्य समेत तोकिएको समयमा सम्पन्न गर्नुपर्दछ । बार्षिक योजनाको तयारी र सो अनुसार कार्य सम्पादन हुन सके मात्र सम्पादित कार्य तथा सेवाको गुणस्तरमा समेत आश्वस्त हुने स्थिति रहन्छ । कार्यालयबाट उपलब्ध विवरण अनुसार विभिन्न कार्यक्रम सञ्चालनसंग सम्बन्धित १६ बजेट उपशीर्षकको कुल खर्च रु ४२ करोड २४ हजारको ७४.९५ प्रतिशत तेस्रो चौमासिकमा र ६०.४१ प्रतिशत आषाढमा भएको छ । बर्षान्तमा खर्चको चाप बढी हुँदासम्पादन भएको कामको गुणस्तर र सेवा प्रवाहमा नकरात्मक असर पर्ने जोखिम रहेकोले सुधार गरी बार्षिक कार्य सम्पादन गर्नु पर्दछ ।

४. **ठेक्का व्यवस्था :** कार्यालयले उपलब्ध गराएको विवरण अनुसार यो वर्ष५ ठेक्का सम्झौता भएकोमा ५ वटै ठेक्काको ठेक्का व्यवस्था तेस्रो चौमासिकमा गरेको देखिन्छ । तेस्रो चौमासिकमा ठेक्का व्यवस्था गर्दा कामको गुणस्तर र सेवा प्रवाहमा असर पर्ने अवस्था देखिदा समयमै ठेक्का व्यवस्थापनको कार्य सम्पन्न गर्नुपर्ने देखिएको छ ।

५. **आन्तरिक लेखापरीक्षण :** स्वायत्त शासन ऐन, २०५५ को दफा २३२ ले जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षण शाखाले गर्ने व्यवस्था गरेको छ । स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४ को नियम ५८ मा जिल्ला विकास समितिको आय व्यय लगायत धरौटी समेतको मासिक रुपमा लेखापरीक्षण गर्नुपर्ने व्यवस्था छ । आन्तरिक लेखापरीक्षण शाखाले मासिक रुपमा लेखापरीक्षण नगरी चौमासिक रुपमा लेखापरीक्षण गरी प्रतिवेदन तयार गरेको छ । नियमावलीले तोके बमोजिम समयमै लेखापरीक्षण नहुँदा आन्तरिक नियन्त्रण प्रणालीमा सघाउ नपुग्ने अवस्था छ । आन्तरिक नियन्त्रणको अवस्था भरपर्दो गर्न आन्तरिक लेखापरीक्षण कार्य समयमानै सम्पादन गर्नुपर्दछ ।

६. **सम्परीक्षण :** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम ५८ (ज) मा गाउँ विकास समितिको बेरुजु लगत समय समयमा निरीक्षण गरी यस नियमावली अनुसार फर्छ्यौट भएको बेरुजुको सम्परीक्षण गरि दिने र असुल उपर गर्न बाँकी बेरुजु सम्बन्धमा असुल उपर गर्न लगाउने उल्लेख छ । जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षण शाखाले गाउँ विकास समितिहरुको अन्तिम लेखापरीक्षण प्रतिवेदन अनुसारका व्यहोराहरुको सम्परीक्षण गरेको छैन ।

७. **लेखापरीक्षण प्रतिवेदन :** गाउँ विकास समितिका २०७१/७२ लेखापरीक्षण प्रतिवेदनको नमूना परीक्षण गर्दा बासलात तयार नगरेको, गा.वि.स.को बैंक मौज्दात शुन्य देखाइएको (मेहेलतोली, गमौडी र बडाखोला) अवस्था छ तापनि सामान्यतया बैंक शुन्य रहने अवस्था देखिदैन । त्यसैगरी लेखापरीक्षण प्रतिवेदनमा कर कट्टी नगरेको, पेश्की फर्छ्यौट नगरेको आदि व्यहोरा उल्लेख छ । उक्त व्यहोराको अनुगमन गरी सुधार गर्नुपर्दछ ।

८. **कारोवारको लेखा :** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४ को नियम १९९ मा स्थानीय निकायले आय, व्यय, धरौटी, जिन्सी र अन्य आम्दानी खर्चको लेखा स्वीकृत ढाँचामा राख्नुपर्ने र लेखामा रहने प्रमाणिक कागजात पनि सिलसिलावद्ध तरिकाले राख्नुपर्ने व्यवस्था गरेको छ । त्यसैगरी सोही नियममा लेखा अद्यावधिक भए नभएको अधिकार प्राप्त अधिकारीले वरावर जाँच गर्नुपर्ने समेत उल्लेख छ । कार्यालयको स्रेस्ता परीक्षण गर्दा आन्तरिक आय तर्फको तोकिए बमोजिमको अभिलेख नराखेकोले बैंक नगदी किताव अद्यावधिक नभएको, करकट्टि रकम दाखिला नभएको पेश्की हिसाव अध्यावधिक नभएको अवस्था देखिएकोले नियमावलीमा तोकिए बमोजिम कारोवारको लेखा राख्नुपर्दछ ।

९. **जिन्सी व्यवस्थापन :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २१४ बमोजिम जिन्सी निरीक्षण गरेको भए तापनि सोही नियमावलीको प्रावधान अनुरुप जिन्सी मालसमानको यथार्थ अवस्था, संरक्षण तथा सम्भारको अवस्था, मौज्दातको अवस्था लगायतका विवरण खुल्ने गरी जिन्सी निरीक्षण प्रतिवेदन तयार गरेको छैन । तसर्थ नियमावलीको प्रावधान अनुरुप जिन्सी निरीक्षण प्रतिवेदन तयार गरी जिन्सी व्यवस्थापन सुदृढ बनाउनु पर्दछ ।

१०. **विल भरपाई :** स्थानीय स्तरका शान्ति समितिको कार्यक्रम कार्यान्वयन सम्वन्धी मार्गदर्शन, २०७० वमोजिम कार्यक्रम संचालन गर्न जिल्ला विकास समितिबाट गा.वि.स. हरुले पेश्की प्राप्त गरी सो रकम तोकिएको कार्यक्रम संचालनमा खर्च गरी विल भरपाई समेत खर्चको फाँटवारी पेश गरी फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । जिल्ला स्थित ४९ गा.वि.स.लाई शान्ति समितिको कार्यक्रम संचालन गर्न रु १०,६८,०००।- र एल जि सि डी पी को कार्यक्रम संचालन गर्न ११ गा.वि.स.लाई रु ३६,७४,०००।- गरी जम्मा रु ४७,४२,०००।- निकासा दिई खर्च जनाएकोमा निर्देशिका वमोजिम विल भरपाई नराखेकोले खर्चको वास्तविकता स्पष्ट छैन ।

११. **निर्वाचन क्षेत्र विकास कार्यक्रम :** निर्वाचन क्षेत्र विकास कार्यक्रम नियमावली, २०५८ वमोजिम एक वर्षभित्र सम्पन्न गर्न सकिने रु १० लाख वा सो भन्दा माथिको १ वटा र रु १ लाख भन्दा बढी लागत अनुमान भएको बढीमा २० वटा योजना मार्ग मसान्तभित्र कार्यान्वयन तालिका समेत बनाई छनौट गरी कार्यान्वयन गर्नुपर्ने र ५० प्रतिशत रकम पूर्वाधार निर्माणमा खर्च गर्नुपर्ने व्यवस्था छ । तर २ जना सभासदले २०७२ मार्ग मसान्तपछि योजना छनौट गरी कार्यक्रम पेश गरेको, रु १ लाख भन्दा घटीको योजनामा रु १ लाख ७० हजार खर्च गरेको योजनामा २० प्रतिशत श्रमदान नगरी रु ८५,०४१।– बढी खर्च गरेको, यो वर्ष रु १८,७०,०००।– खर्च गरेकोमा सो को ५० प्रतिशतले हुने रु ९,३५,०००।- पूर्वाधार निर्माणमा खर्च गर्नुपर्नेमा रु ७,००,०००।- मात्र खर्च गरी रु २,३५,०००।- अन्य कार्यमा खर्च गरेको र उक्त योजनाको अनुगमन तथा परीक्षण नियमानुसार गर्नुपर्नेमा गरेको नदेखिएकोले कार्यक्रम संचालन नियमसँगत ढंगबाट भएको नपाइएकोले आवश्यक प्रकृया पुऱ्याई योजना संचालन गर्नुपर्दछ ।

१२. **बढी खर्च :** ठूला खोला सिंचाई कूलो निर्माण कार्यमा रु ४७,०४७।७४ र कालिका गा.वि.स.मा गोरेटो बाटो निर्माण कार्यमा रु ८२८५।- गरी जम्मा रु ५५३३२।७४ केही आइटममा जिल्लाको स्वीकृत दररेट भन्दा बढी दरमा भुक्तानी दिई बढी खर्च गरेकोले सम्वन्धितबाट असुल हुनुपर्दछ ।

जिल्लाको विभिन्न स्थानमा पहिरो नियन्त्रण गरी वृक्षारोपण गर्ने कार्यक्रम अन्तर्गत तिलेपाटा समेको स्थानमा ५०० थान ग्यावियन जालि बक्समा ढुंगा भर्ने कार्यको लागि रु १७,५०,०००।- को लागत अनुमान गरेकोमा १८३ थानमा ढुंगा भरी लागत अनुमानको पुरै रकम खर्च गरेकोले बढी रु ८,५३,०००।- खर्च गरेको रकम सम्वन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्दछ ।

भूतेदह ट्रस झोलुङ्गे पूल निर्माण कार्य रु २०,७०,६६८।५० को लागतमा सम्पन्न भएकोमा सो को १०.९६ प्रतिशतले हुने रु २,२६,९४५।२६ लागत खर्च सम्वन्धित गा.वि. स.ले व्यहोर्नुपर्नेमा पुरै रकम जिल्ला विकास समिमितबाट खर्च गरी उपभोक्ता समितिलाई भुक्तानी दिएकोले बढी खर्च गरेको छ ।

१३. **पेश्की :** आर्थिक कार्यविधि नियमावली, २०६४ वमोजिम आवश्यक विवरण उल्लेख गरी पेश्की दिनुपर्ने र फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयका एक जना व्यक्तिलाई दिएको रु १,७७,०००/- पेश्की आर्थिक वर्षको अन्त्यसम्म पनि फछ्र्यौट नभएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

१४. **डुंगेश्वर लामिकाडा सडक :** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ अनुसार कुनैपनि योजनाको सम्झौता वैशाख मसान्त भन्दा अघि नै हुनुपर्ने व्यवस्था छ । तर योजनाको ढुंगा, माटोको काम, नाली निर्माण तथा वायो इन्जिनियरिङ्ग कार्यको लागिरु.४५,००,०००/- को लागत अनुमान बनाई सम्झौता समेत नगरी उपभोक्ता समितिलाई सिधै कार्यादेश दिइ असार मसान्तमासोही अनुसाररु ४२,७८,५३४/- को कार्य सम्पन्न प्रतिवेदन तयार गरी भुक्तानी दिएको छ । उक्त कार्य हेभी इक्यूपमेन्ट प्रयोग गर्न नपाउनेमा सो प्रयोग गरेवापत रु ३३,१३,५३४/- एक निर्माण सेवा प्रा.ली.लाई भुक्तानी दिइ खर्च गरेकोमा मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण राखेको छैन । यसरी वर्षान्त अर्थात २०७३ असार २८ गते निकासा प्राप्त गरी लागत अनुमान बनाई सम्वन्धित उपभोक्तासँग सम्झौता नगरी वर्षान्तमानै कार्यादेश दिई कार्य सम्पन्न प्रतिवेदन तयार गरेको, हेभी इक्यूपमेन्ट प्रयोग गरेको साथै मूल्य अभिवृद्धि कर समेत समायोजन भएको प्रमाण नराखी मूल्य अभिवृद्धि कर भुक्तानी दिने समेतको कार्य विश्वसनिय साथै नियमसम्मत छैन ।

१५. **पुल निर्माण कार्य :** छामघाट खोलापुल निर्माण कार्य २०७३ माघ २६ गते सम्पन्न गर्नेगरी रु ३,१७,६५,३५२/२१ (लागत अनुमानको ३१.७९ प्रतिशत घटी) कबोल अंकमा एक निर्माण व्यवसायीसँग २०७२।४।२७ मा सम्झौता भएको छ । लेखापरीक्षणको क्रममा सो पूल निर्माणको कार्य ४० प्रतिशतभन्दा बढी नै रहेको जानकारी प्राप्त भएको र कार्य सम्पन्न गर्नुपर्ने अवधि समेत समाप्त भएको अवस्थामा म्याद थप स्वीकृत भएको स्थिति छैन । सम्झौता शर्तमा विमा विल विजक वमोजिमको रकम भुक्तानी दिनेगरी प्रोभिजनल समआइटम उल्लेख गरेकोमा रु १,३५,३६६/४९ को विल राखी रु २,८८,०००/- भुक्तानी दिएकोले बढी भुक्तानी भएको रु १,५२,६३३/४९ रनिर्माणाधिन पुलको निर्माण सामाग्रीको गुणस्तर परीक्षण वापतको शुल्क रु १,१३,०००/- (मू.अ.कर समेत) विल नै नराखी भुक्तानी भएको समेत रु १,६५,६३३/४९ सम्वन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्नेमा गरेको छैन भने निर्माण व्यवसायीको विल अफ क्वान्टीटीमा उल्लेख भए वमोजिम साइट निरीक्षण प्रयोजनको लागि रु ३,३९,०००/- (मू.अ.कर समेत) मा खरिद भएको मोटरसाइकलको विल विजक राख्नुपर्नेमा नराखेको साथै कार्यालयको जिन्सी खातामा आम्दानी बाँध्नुपर्नेमा बाँधेको छैन ।

१५.१. लोहोरे खोला पुल निर्माण कार्य २०७०।३।१५ भित्र सम्पन्न गर्ने गरी रु १,६९,३६,६४८/८२ कबोल अंकमा एक निर्माण व्यवसायीसँग सम्झौता भएकोमा यो वर्षसम्म रु १,४६,३१,८३७/- खर्च गरेको छ । पुल निर्माण कार्य तोकिएको समयमा सम्पन्न नभई तेश्रो पटक थप गरेको म्याद २०७३।९।२६ मा समाप्त भइसकेको अवस्थामा समेत कार्य सम्पन्न भएको छैन । स्थलगत लेखापरीक्षणको सिलसिलामा निरीक्षण गर्दा पूलको निर्माणको कार्य अवधि १० प्रतशित बाँकी नै

रहेको जानकारी प्राप्त भएको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को प्रावधान वमोजिम आवश्यक कारवाही गरी अधुरो पूल निर्माणको कार्य सम्पन्न गर्नुपर्दछ ।

**१६.** **पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १९२(१) देखि १९५(२) सम्म पेश्की लिने र फछ्यौट गर्ने व्यबस्था छ । नियमावलीको प्रावधान अनुसारबिभिन्न संघ संस्था, व्यक्तिहरुलाई बिभिन्न बजेट शीर्षकका कार्यक्रमहरुबाट रु.९५,५०,०००।०० पेश्की दिएको छ ।नियमानुसार उक्त पेश्की फछ्यौट हुनु पर्दछ ।

**१७.** **कन्टेन्जेन्सी** : कार्यालयले जिल्ला परिषदको बैठकबाट कार्यक्रम पारित गरी योजनागत कन्टीन्जेन्सी आम्दानी खर्च अभिलेख राखी नियमानुसार कन्टीन्जेन्सी खर्च गर्नुपर्दछ । यो वर्ष रु ७१,९२,९३४/- कन्टीन्जेन्सी आम्दानी खर्च जनाएकोमा परिषदबाट योजना पारित गरेको र योजनागत अभिलेख खाता राख्नुपर्नेमा राखेको छैन । व्यवस्थित अभिलेख राखी तोकिएकोमा नियमानुसार कन्टीन्जेन्सी खर्च गर्नुपर्दछ ।

**१८.** **आन्तरिक आय :**

**१८.१** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४ वमोजिम कर संकलन, लगती आय खाता, दैनिक  कर प्राप्ती समेत आन्तरिक आय प्राप्ती खाता राख्नुपर्ने र मूल्य अभिवृद्धि कर ऐन, २०५२ वमोजिम कार्यालयले ढुंगा, गिटी, वालुवा समेतका प्राकृतिक श्रोत संकलन तथा विक्रीको ठेक्का वन्दोवस्त गर्दा मूल्य अभिवृद्धि कर असुल गरी दाखिला गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले यो वर्ष रु २६,०९,०२५/- आम्दानी देखाएकोमा नियमानुसारको आम्दानीको खाता नराखेको साथै रु १४ लाख ७५ हजारको ठेक्का लगाएकोमा सोमा लाग्ने मू.अ.कर रु १,९१,७५०/- असुल नगरेको असुल गरी दाखिला गर्नुपर्दछ । यसको साथै गतवर्षको भन्दा यो वर्ष आन्तरिक आम्दानी घटी देखिएकोले सो वृद्धि गर्नुपर्दछ ।

**१८.२** चुप्रा-मेहेलतोली सडक र लोहोरे खोला-सिमाडा सडककोपट्के सडक कर एक ठेकेदारबाट रु १ लाख उठाउनेमा अद्यापी प्राप्त नभएकोले सम्झौताको शर्त वमोजिम असुल गरी दाखिला गर्नुपर्दछ ।

**१८.३** गत विगत वर्षदेखिको प्राप्त विवरण अनुसारएक निर्माण व्यवसायीबाट आन्तरिक आम्दानी उठाउने ठेक्का वापतकोरु.३,५१,०००।०० असुल गर्न बाँकी देखिएकोले नियमानुसार असुल गरी दाखिला गर्नुपर्दछ ।

**१९.** **कार्य सम्पन्न प्रतिवेदन :** सार्वजनिक खरिद नियमावली २०६४ वमोजिम निर्माण कार्यको प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको कामको कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्नेमा एक उच्च मा.बि को ट्वाइलेट निर्माणको लागि उपलब्ध गराएको  रु ५,००,०००/- को कार्यसम्पन्न प्रतिबेदन राखेको छैन ।

**२०.** **सामाजिक सुरक्षा कार्यक्रम :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि (संशोधन सहित) २०६९ ले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामेसी विवरण वेभसाइटमा राख्ने व्यवस्था गरेको छ । तर कार्यालयले लाभग्राहीको नामनामेसी वेभसाइटमा राखेको छैन ।

**२१.** **कर दाखिला :** आयकर ऐन २०५८ को दफा ८८ अनुसार स्रोतमा करकट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले जलवायु परिवर्तन कार्यक्रम अन्तर्गत सामान खरिद समेतको भुक्तानीमा रु ३१८०/- करकट्टी गरेको रकम दाखिला गरेको छैन ।

२२. **उच्च पहाडी गरिबी निवारण आयोजना :**

२२.१ करारमा नियुक्त भएका कर्मचारीहरुलाई चाडपर्व खर्च दिने कानूनी व्यवस्था नभएकोमा आयोजनाले सह जिल्ला समन्वयकर्तालाईचाडवाड खर्च बापत रु ७५०००/- भुक्तानी दिएको नियमसम्मत छैन ।

२२.२ कार्यालयले प्रगति पुस्तक ४००प्रति रु ७४१२८/- मूल्यमा खरिद गरेकोमा जिन्सी आम्दानी गरेको छैन ।

२२.३ आयोजना ईकाइ कार्यालयले आर्थिक वर्ष २०७२/७३ मा रु १,६०,०००/-विल भरपाई राखी पेश्की फछ्र्यौट गर्नुपर्नेमा सो वेगर फछ्र्यौट गरेको छ ।

२३. **ग्रामिण सामुदायिक पूर्वाधार बिकास कार्यक्रम**

**२३.१** नेपाल सरकारको स्रोतबाट रु ९०००००0/- र सोझै भुक्तानी तर्फ रु ९७५००००/- समेत रु १८७५००००/- बजेट स्विकृत भएकोमा नेपाल सरकार तर्फ रु ८९९११२५/८८ सोझै भुक्तानीतर्फ रु ९७११२८०/४६ निकासा तथा खर्च भएकोमा सोझै भुक्तानी रु ९७११२८०/४६ को लेखापरीक्षण गराएको छैन ।

२३.२ आयोजनाले संचालन भएका ५ गा.बि.स तथा १० आय आर्जनका कार्यक्रम संचालन गर्न रु ३३१७२८४/८८ को मालसमान खरिद गर्दा सामानको एकमुष्ट लागत अनुमान तयार गरी बोलपत्रको माध्यम बाट खरिद गर्नु पर्नेमा टुक्रा टुक्रा पारी खरिद गरेको छ ।

## दुल्लु अस्पताल

**१. पदपूर्ति :** अस्पतालमा हाल जम्मा दरवन्दी २१ जना रहेको मध्ये मे.सु.१, स्टाफ नर्स-१, अ.न.मि.१ र का.स.२ समेत ५ जना कर्मचारी रिक्त रहेको छ । मेडिकल अफिसर १ जना र अ.न.मी.१ जना मन्त्रालय र क्षेत्रीयबाट करारमा पठाएको र अ.हे.व.चौंथो १ जना फाजिलमा रहेको छ । दरवन्दी अनुसार कर्मचारीकोपदपूर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ ।

**२. तलवी प्रतिवेदन :** निजामती सेवा ऐनको दफा ७(ख)२ बमोजिम बार्षिक रुपमा सम्बन्धित को.ले.नि.का.बाट तलवी प्रतिवेदन पारित गरेर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा तलवी प्रतिवेदन पारित नगरी यो वर्ष तलवमा रु.६२,४१,७५४।०० खर्च गरेको छ ।

**३. जिन्सी :** आर्थिक कार्यविधि नियमावली २०६४मा व्यवस्था भए वमोजिम जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयन गर्नुपर्नेमा गरेको छैन ।

**४. विल भरपाई :** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६(३) अनुसार खर्चको बिल भर्पाइ पेश हुनु पर्दछ । रु १,४३,४७१/-को तलबी भर्पाइ, बिभिन्न शीर्षकमा रु २६९०४४/-, अन्य सेवा शुल्क शीर्षकमा रु १७९०००/-, एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रममा रु २६९०२/३० समेत रु ६१८४१७/३०को बिल भर्पाईनराखी खर्च गरेको छ । विल भरपाई नराखी नियम विपरीत गरेको खर्च छानविन गरी स्पष्ट गर्नुपर्दछ ।

**५. कर :** आयकर ऐन २०५८ को दफा ८७ बमोजिमपारिश्रमिक आयमा अग्रिम कर कट्टी गरी दाखिला गर्नुपर्ने व्यवस्था छ । तर अस्पतालबाट यो वर्ष रु.३,२८,०९०।०० चाडपर्व र रु.१,३५,०००।०० पोशाक भत्ता समेत रु.४,६३,०९०।०० खर्च लेखेकोमा सो को १५ प्रतिशतले हुने रु.४,६३०।०० राजश्व दाखिला हुनु पर्दछ ।

६. **नगद दाखिला :** आर्थिक कार्यविधि ऐन २०५५ वमोजिम कार्यालयले ७ दिनभित्र जिन्सी दाखिला गरिसक्नु पर्दछ । म्याद थप भएको अवस्थामा ४५ दिनसम्म थप हुनसक्छ । सो अवधिमा पनि जिन्सी दाखिला हुन नसकेमा सम्बन्धितबाट असुल उपर गर्नुपर्ने व्यवस्था छ । कार्यालयले रु १,३९,६११/५० मूल्य वरावरको पोलीथीन ट्याङकी लगायतकासामानहरु जिन्सी दाखिला भएको प्रमाण नराखी खर्च गरेकोले सम्वन्धितबाट असुल गरी दाखिला हुनुपर्दछ ।

७. **बढी दर :** औषधी आपूर्तकसँग भएको सम्झौताको दरभन्दा बढी नहुने गरी औषधी खरिद गर्नुपर्नेमा एक आपूर्तकसँग एक प्रकारको औषधि प्रति ट्याब्लेट रु १।८० का दरले खरिद गर्नुपर्नेमा रु ६।८० का दरले खरिद गर्दा रु २५०००।- बढी भुक्तानी भएकोले असुल गर्नुपर्दछ ।

८. **पेश्की :** मातृ शिशु सुरक्षा कार्यक्रम सञ्चालन गर्न एक कर्मचारीले लिएको पेश्की रु ४६०००/- उक्त कार्यक्रम संचालन नगरेकोमा नगद दाखिला गर्नुपर्नेमा नगरेकोले असुल गरी दाखिला गरी पेश्की फछ्र्यौट गर्नुपर्दछ ।

९. **लेखापरीक्षण :** अस्पतालमा फार्मेसी सेवा निर्देशिका, २०७२ वमोजिम ३ महिनाभित्र अस्पताल फार्मेसीले आर्थिक कारोवारको आन्तरिक लेखापरीक्षण गराई अन्तिम लेखापरीक्षण समेत गराउनुपर्नेमालेखापरीक्षण प्रतिवेदन पेश नगरेकोले अस्पताल सुदृढिकरण शीर्षकबाट उपलब्ध गराएको रु.२,९०,०००।०० उपयोग स्थिति स्पष्ट छैन । लेखापरीक्षण गरी सो सम्वन्धमा स्पष्ट हुनुपर्दछ ।

१०. **सामानको संरक्षण :**आर्थिक कार्यबिधि नियमावली २०६४,वमोजिम अस्पतालमा रहेको एक एम्बुलेन्स र एक अक्सिजन कन्सन्ट्रेटरको वास्तविक स्थिति पहिचान गरी मर्मत वा लिलाम विक्री गरी संरक्षण गर्नुपर्दछ ।

## नयाँ शहर आयोजना राकमकर्णाली

१. **चौमासिक खर्च** : आयोजनाले पेश गरेको विवरण अनुसार पूँजीगत खर्च रु.४७,०६,७६१।- भएकोमध्ये तेस्रो चौमासिकमा रु.४०,२१,८४७।- (८५.४४५ प्रतिशत) र आषाढ महिनामा मात्र रु.२८,७१,२०१।- (६१.५ प्रतिशत) खर्च गरेको छ । यसरी विनियोजित बजेट कार्यक्रम अनुसार समानुपातिक रुपमा गर्नुपर्नेमा तेस्रो चौमासिक र सो मध्ये पनि अधिकांश आषाढमा खर्च गरेकोले काम गुणस्तरयुक्त ढंगबाट कार्य सम्पादन भएको भनि आश्वस्त हुने अवस्था छैन ।

२. **दरवन्दी र पदपूर्ति :** स्वीकृत दरवन्दी अनुसार डि.ई.(का.प्र.), इन्जिनियर, अमिन, सामाजिक परिचालक, कम्प्युटर अपरेटर, कार्यालय सहयोगीको दरवन्दी स्वीकृत भएकोमाकार्यालय प्रमुख काजमा र इन्जिनियर लगायत कम्प्युटर अपरेटर,कार्यालय सहायक हाल कार्यरत देखियो तर स्वीकृत दरवन्दी बमोजिम इन्जिनियर करारमा राख्ने व्यवस्था भएको देखिएन । तर आयोजनाले एक अधिकृलाई करारमा राखी मासिक रु.२४,४००।- का दरले रु.२,९२,०००।- पारीश्रमिक खर्च लेखेको हुँदा उक्त खर्च नियमित देखिएन ।

३. **पेश्की :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ वमोजिम सार्वजनिक निकायले खरिद सम्झौतामा व्यवस्था भए बमोजिम दिएको मोविलाइजेशन पेश्की प्रत्येक रनिङ वीलबाट कट्टा गर्नुपर्नेमाएक निर्माण सेवालाई दिएको मोविलाइजेशन पेश्की रु.१,५४,९४५।८१ अद्यापी फछ्र्यौट भएको नदेखिएकोले नियमानुसार  असुल फछ्र्यौट हुनुपर्दछ ।

# जिल्ला प्राबिधिक कार्यालय

१. **वार्षिक खरिद योजना** : सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ८ मा सार्बजनिक निकायले बार्षिक रु १० लाख भन्दा बढी रकमको खरीद गर्नु पर्ने भएमा आगामी आर्थिक बर्षको अनुमानित बार्षिक कार्यक्रम तयार गर्दा बार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । कार्यालयले यो वर्ष पूजीगत तर्फ रु. ३,२४,४३,२२९/६१ खर्च गरेकोमा वार्षिक खरिद योजना नबनाई खर्च गरेको छ । बार्षिक खरिद योजना बेगर खरिद भएको कार्य मितब्ययी तथा प्रतिस्पर्धात्मक नहुने भएकोले बार्षिक खरिद योजना तयार गरेर मात्र खरिद गर्नुपर्दछ ।

२. **अख्तियारी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३२ वमोजिम अख्तियारी आर्थिक वर्ष शुरु भएको १५ दिन भित्र सम्बन्धित कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । स्थानीय पूर्वाधार विकास तथा कृषि, सडक कार्यालयको २०७२ असोजदेखि २०७३ आषाढसम्मको अवधिमा प्राप्त भएको देखिन्छ । कार्यक्रम तथा अख्तियारी प्राप्तीमा भएको ढिलाईले संचालित कार्यक्रमको गुणस्तर तथा सेवा प्रवाहमा समेत असर पर्न जाने भएकोले समयमा अख्तियारी उपलब्ध गराउनुपर्दछ ।

३. **खर्च व्यवस्थापन :** कार्यालयले प्राप्त विनियोजित रकमलाई चौमासिक रुपमा निकासा लिई सन्तुलित ढंगले अधिकतम प्रतिफल प्राप्त हुनेगरी खर्च गर्नुपर्दछ । कार्यालयले यो वर्ष पूँजीगतमारु ३७१४३२३० खर्च गरेको मध्ये असारमा मात्र रु १,८१,५१,६६३/-(५० प्रतिशत) खर्च गरेकोले खर्चमा सन्तुलन कायम भएको छैन । यसले कार्यक्रमको उपलब्धि र गुणस्तर समेत प्रभावित हुने भएकोले आवश्यक सुधार गर्नुपर्दछ ।

४. **पेश्की :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ अनुसार खरिद सम्झौतामा उल्लेख भए बमोजिम दिएको मोविलाइजेशन पेश्की एकनिर्माण व्यवसायीको नाममा अद्यापी बाँकी रु. ३,६६,०००/- नियमानुसार असुल फछ्र्यौट गर्नुपर्दछ ।

५. **बढी भुक्तानी** : नाउले खानेपानी योजना गमौडीलाई प्रथम किस्ता वील भुक्तानी गर्दा माटो खन्ने र पुर्ने काम ४८६ घ.मि. को बील रकम २३०२६६।८० मा माटो खन्ने पुर्ने काममा २० प्रतिशत जनश्रमदान रु.४६,०५३।०० कटाउनु पर्नेमा रु.४०,२७३।०० मात्र कट्टी गरेकोले उक्त योजना संचालन गर्ने उपभोक्ता समितिलाई बढी भुक्तानी भएको रु.५,७८०।०० असुल गर्नुपर्दछ ।

६. **पाइप खरिद :** शान्तिबजार खानेपानी योजनादुल्लु उपभोक्ता मार्फत सञ्चालन गरी रु.२,८५,०००।०० भुक्तानी भएकोमा माटो खन्ने पुर्ने काम ८५० मी.गरेको तर ८८० मीटर पाइप खरिद गरेको हुँदा ३२/६ के.जी.को ३० मि.पाइप बढी खरिद गरेको कार्य सम्पन्न प्रतिवेदनबाट देखिएको हुँदा उक्त पाइपको प्रति मी. १८४८।०० मु.अ.कर समेत रु.२०८८।२४ बढी खपत देखाएको रकम नियमसम्मत छैन ।

७. **स्थानीय भत्ता :** करार सेवा निर्देशिका अनुसार नियुक्ति दिएको कर्मचारीलाई स्थानीय भत्ता र महंगी भत्ता उपलब्ध गराउन नमिल्ने उल्लेख भएकोमा २ जना करार सेवाका कर्मचारीलाई भुक्तानी दिएको रु १,०५,१२०/- स्थानीय भत्ता असुल गर्नुपर्दछ ।

८. **अग्रिम आयकर :** आयकर ऐन २०५८ को दफा ८९ अनुसार भुक्तानी गर्दा १.५ प्रतिशत अग्रिम आयकर कट्टी गर्नुपर्ने व्यवस्था छ ।१३ वटा उपभोक्ता समितिलाई सम्झौता बमोजिमको रकम भुक्तानी दिंदा रु २१,०३७८३ कर कट्टा गर्नुपर्नेमा नगरेकोले असुल गरी दाखिला गर्नुपर्दछ ।

## मालपोत कार्यालय

१. **प्रमाण पूर्जा :**जिन्सी खाता अनुसार गत वर्षको बाँकी पूर्जा ५०० यस वर्ष खर्च भएको १७०० उल्लेख गरेको छ । वर्षभरिमा जग्गा धनि प्रमाण पुर्जा खरिदलाई आम्दानी जनाई त्यसबाट भएको खर्च परिमाण घटाई बाँकी जिम्मेवारी सारीजिन्सी खाता अद्यावधिक गर्नुपर्नेमा गरेको छैन । यसले गर्दा प्रमाण पुर्जा विक्रीबाट भएको वास्तविक आम्दानी यकिन गर्ने अवस्था छैन ।

२. **कार्यालय भवन निर्माण :** मालपोत कार्यालय भवन निर्माणको लागि शुरुमा रु.४,६०,५५,३७९।३५ लागत अनुमान स्वीकृत गरी बोलपत्रको माध्यमद्वारा एक निर्माण व्यवसायी सँग २ वर्षभित्र कार्य सम्पन्न गर्ने गरी मिति २०७०/१२/२६ मा रु.३,१०,१७३३८।३९ (२६.६१% कम) मासम्झौता भएको छ । यस वर्षसम्ममा रु.२,८२,४०,०७३।८० खर्च भइसकेको उक्त निर्माण कार्यमा निम्नानुसारको व्यहोरा देखिएको छ :

२.१. **भेरिएशन :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ को नियम बमोजिम सम्झौता मूल्यको १५ प्रतिशतसम्मको भेरिएशन प्राविधिक पुष्ट्याई गरी विभागीय प्रमुखलेर सो भन्दा बढीको भेरियसन सम्वन्धित सचिवको अध्यक्षतामा गठित समितिको स्वीकृतिमा मन्त्रिपरिषदमा पेश गरी स्वीकृत गर्न सक्ने प्रावधान अनुसार रु ४६,५०२१०।५४ (१५% थप) भेरिएशन विना आधार बिश्लेषण लागत अनुमान तयार गर्ने सम्बन्धित प्राविधिक कर्मचारीका विषयमा सम्पूर्ण व्यहोरा खोलेर सम्बन्धित निकायमा लेखी पठाउने गरी २०७२।४।२० माविभागीय महानिर्देशकबाटस्वीकृति गरेको छ । गलत तरिकाले लागत अनुमान तयार गर्ने प्राविधिकलाई कारवाही भएको छैन ।

त्यसैगरी कार्यालयले आठौं रनिङ विलको भुक्तानी दिंदा आइटम संख्या ११ को १२ मी.मीथिक प्लास्टर वालबढी काम गराउनु पर्ने भनी प्राविधिक इन्जिनियरको पत्रको आधारमा ३२८५.३६ व.मी.परिमाण थप गरीरु.८,५३,९०२।०० भुक्तानी गरेको छ । १५ प्रतिशत भेरिएशन विभागीय प्रमुखको स्वीकृतिमा थप भै सकेकोमा सो भन्दा बढी भेरिएशन प्राविधिकको प्रतिवेदनको आधारमा दिनु नियम विपरित देखिएकोले यस्तो गम्भीर त्रुटी गर्ने पदाधिकारीमाथि कारवाही हुनु पर्दछ ।

## जिल्ला स्वास्थ्य कार्यालय

१. **अख्तियारी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३२ (२) बमोजिम १५ दिनभित्र अख्तियारी पठाउनुपर्नेमा सोभन्दा ढिलो गरी दुई शीर्षकमा २५ लाख २० हजारको असारमा अख्तियारी पठाएको देखियो । समयमा अख्तियारी नपठाउँदा कार्यक्रम तोकिएको समयमा सम्पन्न गर्न नसकि सेवा प्रवाहमा असर पर्ने हुँदा सोतर्फ तालुक कार्यालयले समयमै अख्तियारी पठाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२. **खरिद योजना :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ र ७ एवम् सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ एवम् ८ बमोजिम खरिद कारवाहीका तयारी एवम् खरिद कार्य योजना, खरिद प्रकार, बिधि, समय तालिका, खरिदको आर्थिक श्रोत, लागत अनुमान र खरिद आवश्यकताको पहिचान गरी खरिदको कुल बिबरण, परिमाण र क्षेत्रको यकिन गरी बार्षिक खरिद योजना र लागत अनुमान तयार गर्नुपर्नेमा विस्तृत रुपमा बार्षिक खरिद योजना तयार गरेको छैन ।

३. **लक्ष्य प्रगति :** कार्यालयबाट प्राप्त प्रगति विवरणअनुसार बिभिन्न ३ वटा कार्यक्रमतर्फ लक्ष्यको तुलनामा ७५ प्रतिशतभन्दा कम प्रगति देखिएको छ । ५ वटामा सुन्य तथा २ वटा कार्यक्रममा ५० प्रतिशत भन्दा कम प्रगती भएको छ । घटी प्रगति भएका र सञ्चालन नै नभएका कार्यक्रमको सम्बन्धमा कार्यालयले कारण खुलाएको छैन । अतः लक्षित प्रगति हासिल गर्न नसकेका कार्यक्रमका सम्बन्धमा प्रमाणसहित कारण स्पष्ट गर्नुपर्दछ ।

४. **आन्तरिक नियन्त्रण व्यवस्था :** प्रचलित ऐन नियममा भएको व्यवस्थाको परिपालना गरी आन्तरिक नियन्त्रण व्यवस्थालाई सुदृढ बनाउनु पर्दछ । तर खरिद ऐन तथा नियमावलीले व्यवस्था गरे वमोजिम खरिद योजना नबनाएको, चौमासिक खर्चमा उपयुक्त समन्वय गर्न नसकेको, मूल्य नखुलेको जिन्सी सामानको मूल्य खुलाई नराखेको, आवश्यकता अनुसार अन्तर्गतका कार्यक्रमको निरीक्षण गरी प्रतिवेदन नराखेको, जोखिम क्षेत्र पहिचान गरी नियन्त्रणको उपाय अवलम्वन नगरेको, कार्य विवरण नराखेको, खरिद तथा अन्य श्रोतबाट प्राप्त भएको औषधी वितरण गर्दा निःशुल्क भनि स्पष्ट लोगो सबै औषधी उपकरणमा लगाउनुपर्नेमा नलगाएको, कार्यालयका कर्मचारीबीच अधिकार र कर्तव्य उल्लेख गरी कार्य विवरण तयार नगरेको र विनियोजित वजेटको चौमासिक खर्चमा सन्तुलन कायम नहुने गरी खर्च गरेको जस्तो व्यहोरा देखिएकोमा यसमा सुधार गर्नुपर्दछ ।

५. **भवन निर्माण :** शहरी स्वास्थ्य केन्द्रको १० कोठे भवन निर्माणको लागि रु.५२,६०,०००।०० को लागत अनुमान तयार गरी डि.पि.सी. लेभलसम्मको काम भैसकेकोमा भवन अधुरो रहेकोले यो बर्ष रु.२५,००,०००।०० को बिनियनेजनबाटनिकासा दिएको छ । खर्च गर्ने निर्देशिकाले गरेको व्यबस्था बमोजिम सो रकम सम्बन्धित नगरपालिकाको खातामा जम्मा गरिदिएको छ तर भवन निर्माण कार्यको स्थिति उल्लेखित प्राबिधिक मूल्याङ्कन बिवरण नराखेकोले खर्चको यथार्थ उपयोग अबस्था स्प्रष्ट छैन । भवन निर्माणको अनुगमन मूल्याङ्कन प्रतिवेदन समेत पेश हुन नआएकोले भवनको निर्माण अवस्था एकिन गर्ने आधार भएन ।

६. **क्षयरोग कार्यक्रम :** यो बर्ष कार्यक्रम सञ्चालन गर्न रु ५३,०००।- को व्यबस्था गरेको भए पनि सो खर्च भएको छैन । यस बाट सेवाग्राहीले तोकिएको सेवा नपाउने अबस्था रहेकाले यस स्थितिको पुनराबृत्ति नहुने गरी सुधार गर्नु पर्दछ ।

७. **खर्चको पुष्ट्याई :** एड्स तथा यौन रोग सम्वन्धी ८ वटा क्रियाकलाप संचालन गर्नका लागि रु.२०,२४,०००।- बजेट व्यवस्था भएकोमध्ये क्रियाकलाप नं.६ मा उल्लेखित वर्थिङ सेण्टर विस्तार गर्न कर्मचारीको दक्षता अभिवृद्धि गर्न तालीम दिने र प्रमाणपत्र बितरण कार्यमा रु.१५,००,०००।- खर्च गरेको छ । उक्त कार्यक्रम तेस्रो चौमासिकमा संचालन भएको, प्रमाणपत्र छपाई गरेको प्रमाण नराखेको, तालीमको कक्षातालिका नराखेको, तालिम सम्पन्न प्रतिवेदन नराखेकोले खर्च उपयोग स्थिति स्पष्ट छैन ।

८. **खर्च शीर्षक :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३५(२) क बमोजिम अधिकार प्राप्त अधिकारीले खर्च गर्ने रकम स्वीकृत बजेटभित्र र सम्बन्धित खर्च शीर्षकमा पर्छ र खर्च गर्न बाँकी छ भने मात्र खर्च गर्न आदेश दिन सक्नेमा कार्यालयले ५९ जना करारका कर्मचारीलाई २०७३ आषाढको पारिश्रमिक खर्च रु.१०,५९,५४५।- शीर्षक नं. २४२१२ परामर्श तथा सेवा शुल्कबाट गर्नु पर्नेमा तलवबाट खर्च लेखेको छ । शीर्षक फरक पारी गरेको खर्च नियमसम्मत छैन ।

९. **कर विजक :** मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम १७ बमोजिम विक्रेताले रीतपूर्वकको कर विजक जारी गर्नुपर्ने व्यवस्था छ । बिभिन्न सामान खरिद बापत एक स्थानीय आपूर्तीकर्ताको बील अनुसार रु ८४४३।- खर्च गरेकोमा नियमावली अनुसार रीतपूर्वकको कर बिजक राख्नु पर्नेमा राखेको छैन ।

१०. **एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम :** आर्थिक कार्यविधि नियमावली २०६४ अनुसार खर्च गर्दा खर्चको बील भरपाई सहित लेखा राख्नु पर्नेमा बिभिन्न स्वास्थ्य संस्थालाई रु.५६२५५।-बितरण गरेकोमा सो को भरपाई राख्नु पर्नेमा नराखेको, सार्वजनिकखरिद नियमावली २०६४ को नियम ११५ बमोजिम खरिद भएको सामान सम्झौताको शर्त बमोजिम गुणस्तरयुक्त भए नभएको परिक्षण गरी प्रतिबेदन दिनु पर्ने र सो प्रतिवेदनलाई अभिलेखको रुपमा राख्नुपर्नेमा सो नगरी रु ३१,१३,०००।- को सामान स्विकार गरी खर्च गरेको र हात्तीपाइले कार्यक्रमको लागि रु.८०,००० को औषधी खरिद गरी बितरण गरेको जनाएकोमा सो सामान खर्चको माग फाराम वा हस्तान्तरण फाराम राख्नु पर्नेमा राखेको छैन । प्रचलित नियमको प्रकृया पुर्‍याई खर्च गर्नु पर्दछ ।

## जिल्ला शिक्षा कार्यालय

१. **आन्तरिक नियन्त्रण व्यबस्था :** प्रचलित ऐन नियममा भएको व्यबस्थाको परिपालना हुने गरी कार्यालयले आन्तरिक नियन्त्रण व्यबस्थालाई सुदृढ बनाउनु पर्दछ । तर बार्षिक खरिद योजना बनाई सामान खरिद गर्नु पर्नेमा नगरेको, जिन्सी निरीक्षण प्रतिबेदनमा उल्लेखित व्यहोराको कार्यान्वयन गर्नु पर्नेमा नगरेको, सबै बजेट कार्यकमको अख्तियारी समयमै उपलब्ध गराउनु पर्नेमा आंशिक गराएकोले आन्तरिक नियन्त्रण व्यबस्था कमजोर देखिएकोले यसमा सुधार हुनु पर्दछ ।

२. **बिद्यालयको सामाजिक परीक्षण :** कार्यकम कार्यान्वयन पुस्तिका २०७२।७३ को अनुसुचि ७(२७) ले सामुदायिक बिद्यालयलाई प्रथम चौमासिक निकासा दिदा बिद्यालयको सामाजिक परीक्षण र तेस्रो चौमासिक निकासा दिदा बित्तिय लेखापरीक्षणको प्रतिबेदन अनिवार्य रुपमा लिएर मात्र निकासा दिने व्यबस्था गरेको छ । उपरोक्त व्यबस्था ५०८ बिद्यालयको प्राप्त हुनु पर्नेमा ४५० बिद्यालयको प्राप्त भएको र बाँकी ५८ बिद्यालयको कार्यालयमा प्राप्त भएको देखिएन । लेखापरीक्षण प्रतिबेदन प्राप्त नगरी निकासा दिने कार्यमा नियन्त्रण हुनु पर्दछ ।

३. **बढी निकासा :** कार्यकम कार्यान्वयन निर्देशिका २०७३ ले व्यबस्था गरे बमोजिम बिद्यालयबाट शिक्षकको तलब भत्ता माग गरे पछि कार्यरत शिक्षकको दरबन्दी समेतका बिवरण जाँची वास्तबिक रकम निकासा दिनु पर्नेमा ५८ बिद्यालयका शिक्षकको तलब भत्ता निकासा दिदा रु ४१६५८५४।- बढी दिइएकोले सम्बन्धित बाट असुल गरी दाखिला गर्नु पर्दछ ।

त्यसैगरी सिता जनसहयोग उ.मा.बि अवलपराजुलका एक शिक्षकको मिति २०७२।६।१८ मा नियुक्त भए पनि निजको नाममा पहिलो चौमासिकको पुरै रकम निकासा भएकोले रु ६६,०४०।- बढी सम्बन्धित बाट असुल गरी दाखिला गर्नु पर्दछ ।

४. **बिद्यालय भौतिक निर्माण :** कार्यकम कार्यान्वयन निर्देशिकामा भौतिक निर्माणको इन्जिनियरिङ सुबिधा जि.शि.का बाट उपलब्ध गराउने व्यबस्था छ । त्यसैगरी २.३.४ (ज) बमोजिम प्राबिधिक, प्र.अ. र व्यबस्थापन समितिको अध्यक्ष वा निर्माण समितिको अध्यक्ष बाट प्रमाणित गराई बिद्यालयमा राख्नु पर्ने र २.३.४ (ञ) बमोजिम कार्य सम्पन्न प्रतिबेदन तयार गरी बिद्यालय, जि.शि.का. र स्रोतकेन्द्रमा राख्नु पर्ने व्यबस्था छ । कार्यालयले यो वर्ष भौतिक सुबिधा बिस्तार

अर्न्तगत निर्माण कार्यका लागि ८६ बिद्यालयलाई रु ८,८५,००,०००।- निकासा दिएकोमा कार्य सम्पन्न प्रतिबेदन पेश गरेको छैन ।

**५.** **बढी ग्रेड :** कर्मचारीलाई तलब भक्ता भुक्तानी प्रमाणित तलबी प्रतिबेदनमा उल्लेखित भएबमोजिम गर्नुपर्नेमा पारित प्रतिवेदन भन्दा बढी खर्च गरेको देखियो । बिभिन्न १८ जना कर्मचारीलाई पारित तलबी प्रतिबेदनमा उल्लेख भए भन्दा बढी रु ११६१६।- ग्रेड भुक्तानी भएको हुदा उक्त रकम असुल गरी दाखिला गर्नु पर्दछ ।

६. **अन्य शीर्षकबाट खर्च :**आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३५(१) क बमोजिम अधिकार प्राप्त अधिकारीले सम्बन्धित खर्च शीर्षकमा परेको बजेटभित्र मात्र खर्च गर्न पाउने व्यवस्था छ । कार्यालयमा नियुक्त गरिएका कार्यालय सहयोगीहरुलाई खर्च शीर्षक २२४१२ सेवा शुल्कबाट भुक्तानी गर्नुपर्नेमा रु २,९०,७४०।- खर्च शीर्षक २१११९ तलवबाट गरेकोले सो खर्च नियमसम्मत छैन ।

७. **बील भरपाई :** आर्थिक कार्यविधि नियमावली, २०६४ मा खर्चको बील भरपाई राखी सो आधारमा खर्च गर्नु पर्नेमा क्षेत्रीय शिक्षा निर्देशनालय, सुर्खेतबाट बिद्यालय मर्मत सुधार प्रयोजनका लागि श्री नवदुर्गा नि.मा.वि.लाई रु.२,००,०००।- र भैरव उ.मा.वि.लाई रु.१,००,०००।- गरी निकासा दिएकोमा उक्त काम सम्पन्न प्रतिबेदन सहितको बील भरपाई राख्नु पर्नेमा राखेको छैन । यसै गरी जिल्ला स्थित ३१ परीक्षा केन्द्रमा संचालन हुने एस.एल.सी. परीक्षा संचालनको लागि केन्द्राध्यक्षलाई उपलब्ध गराएको रु २६५६८५०।- मध्ये रु ३१८१००।- को खर्चको बिल भर्पाई सहितको फाँटवारी राख्नु पर्नेमा राखेको छैन ।

८. **भत्ता खर्च** : जिल्ला स्थित उच्च मा.बि मा कार्यरत ७१ जना शिक्षकलाई कार्यरत अबधिको महंगी भत्ता बापत रु ७,६८,०००।- उपलब्ध गराइए पनि तलब बाहेकको यस प्रकारको खर्च निजहरुले पाउने कानुनी आधार नभएकोले खर्च नियमसम्मत छैन ।

९. **असूल :** स्थलगत निरीक्षणको शिलसिलामा जिल्ला स्थित ६ बिद्यालयको निःशुल्क पाठ्यपुस्तक र छात्रबृत्ति विबरणमा रु १,५६,६७१।- बिल भर्पाई भन्दा बढी खर्च देखिएकोले सम्बन्धित बाट असूल गरी दाखिला गर्नुपर्दछ ।

**१०.** **अनुगमन :** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३२ ले खर्च गर्ने अख्तियारीपत्र आर्थिक बर्ष प्रारम्भ भएको १५ दिन भित्र पठाउनु पर्ने र नियम ३६ ले खर्च गर्दा खर्चको बिल भरपाई राख्नु पर्ने व्यबस्था गरेको छ । तर शिक्षा मन्त्रालयले जिल्ला स्थित १३ वटा बिद्यालयमा भबन निर्माण, कक्षा कोठा थप, मेशिनरी उपकरण खरिद, सोलार जडान र बिज्ञान प्रयोगशाला स्थापना समेतको लागि रु ९१,००,०००।- को खर्च गर्ने अख्तियारी मिति २०७३।३।२१ को पत्रद्धारा प्राप्त भएकोमा कार्यालयले सो रकम सम्बन्धित बिद्यालयको बैंक खातामा दिई खर्च जनाएको नियमको उल्लेखित व्यबस्था अनुरुप छैन । यसको साथै सम्बन्धित बिद्यालयले उपयोग गरे नगरेको अनुगमन मुल्याङकन गर्नुपर्ने र बिद्यालयले सो रकम उपयोग गरेको कार्यसम्पन्न प्रतिबेदन कार्यालयमा पेश गर्नु पर्नेमा गरेको नदेखिएकोले उक्त रकमको वास्तबिक खर्च स्थिति स्पष्ट छैन ।

# आन्तरिक लेखापरीक्षण

यस जिल्लास्थित ३१ कार्यालयमध्ये २९ कार्यालयको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयबाट सम्पन्न भएको छ। आन्तरिक लेखापरिक्षण प्रतिवेदनअनुसार २० कार्यालयको बेरुजू नदेखिएको जनाएको छ । यस बर्ष आन्तरिक लेखापरीक्षणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएका १९ मध्य २ कार्यालयको निम्नानुसार शैद्धान्तिक व्यहोरा समेत रु २४,२०,०००।- बेरुजू बाँकी देखिएको छ । आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९६ अनुसार आन्तरिक लेखापरीक्षणबाट औंल्याएको बेरुजू अन्तिम लेखापरीक्षण अगावै फछ्यौट गर्नुपर्नेमा बाँकी देखिएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

| सि.न. | कार्यालय | शीर्षक | व्यहोरा | रकम |
|---|---|---|---|---|
| १. | जिल्ला प्रहरी कार्यालय | २०४०२१४ | मोबिलाईजेसन पेश्की | २४,२०,०००।- |
| २. | बागबानी अनुसन्धान केन्द्र | ३१४०१३४ | निर्माण कार्यको बिमा गराउनु पर्नेमा नगराएको । | सैद्धान्तिक |
| ३. | " " | ३१४०१३४ | केन्द्रीय परिषदबाट तलबी प्रतिबेदन पारीत नगरी तलब खर्च लेखेको । | सैद्धान्तिक |
| ४. | " " | ३१४०१३४ | आम्दानी रकम समयमै बैंक दाखिला गर्नु पर्ने । | सैद्धान्तिक |
| ५. | " " | ३१४०१३४ | निर्माण कार्यको दर बिश्लेषण पेश नभएको । | सैद्धान्तिक |
| ६. | " " | ३१४०१३४ | निर्माण कार्यको कार्य सम्पन्न प्रतिबेदनमा मिति उल्लेख नगरेको । | सैद्धान्तिक |
| ७. | " " | ३१४०१३४ | बैक खातामा गत बिगत देखि मौज्दातमा राखेको रु ८,८४,८०७६४ को बिवरण नखुलेको । | सैद्धान्तिक |
| ८. | " " | ३१४०१३४ | स्रोत नखुलेको रु १३४७६०१४३ बैक मौज्दात देखिएकोमा केन्द्रीय कार्यालय नपठाएको । | सैद्धान्तिक |

**(गोबिन्द प्रसाद बराल)**
**नायब महालेखारीक्षक**

अनुसूची १

# लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अंक

## लेखापरीक्षण विधि : विस्तृत

(रु लाखमा)

| क्र.स. | कार्यालयको नाम | विनियोजन/निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| १ | मालपोत कार्यालय | १८९ | २५ | १ | ११७ | ३३२ |
| २ | सरकारी वकिल कार्यालय | १५७ | ० | १२ | ० | १६९ |
| ३ | जिल्ला निर्वाचन कार्यालय | १११ | ० | ८ | ० | ११९ |
| ४ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | १७६७ | १ | ७८ | ० | १८४६ |
| ५ | जिल्ला प्राबिधिक कार्यालय | ३२५ | ० | १४ | ४७ | ३८६ |
| ६ | जिल्ला बिकास समितिको कार्यालय | ० | ० | ० | १४७८२ | १४७८२ |
| ७ | जिल्ला स्वास्थ्य कार्यालय | २००० | १२ | २४ | १९२९ | ३९६५ |
| ८ | जिल्ला शिक्षा कार्यालय | ८९८७ | ६९ | ० | ७ | ९०६३ |
| ९ | दुल्लु हस्पिटल, दुल्लु | १६० | ० | ० | ० | १६० |
| १० | नया शहर आयोजना राकमकर्णाली | ५९ | ० | २ | ० | ६१ |
| ११ | स्थानीय बिकास कोषको सचिवालय | १६१ | ० | ० | ० | १६१ |
| १२ | जिल्ला आयुर्बेद स्वास्थ्य केन्द्र | ७१ | ० | ० | ० | ७१ |
| | जम्मा | १३९८७ | १०७ | १३९ | १६८८२ | ३१११५ |

## लेखापरीक्षण विधि : आन्तरिक लेखा परीक्षण र केन्द्रीय आर्थिक विवरणको आधारमा

(रु लाखमा)

| क्र.स. | कार्यालयको नाम | विनियोज/निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| १३ | जिल्ला कृषि बिकास कार्यालय | ६४८ | ३ | ४ | १५ | ६७० |
| १४ | बागबानी अनुसन्धान केन्द्र | ३०९ | ० | ९ | ० | ३१८ |
| १५ | कोष तथा लेखा नियन्त्रक कार्यालय | ८७ | ० | ७ | ० | ९४ |
| १६ | समरशुर गुल्म | ६७२ | ० | ११ | ० | ६८३ |
| १७ | ईलाका प्रशासन कार्यालय | २२ | ० | ० | ० | २२ |
| १८ | कारागार कार्यालय | ७५ | ० | १ | ० | ७६ |
| १९ | जिल्ला भू संरक्षण कार्यालय | १५० | ० | ० | ० | १५० |
| २० | नापी कार्यालय | ७२ | ४ | ० | ० | ७६ |
| २१ | जिल्ला प्रशासन कार्यालय | १३९ | ५९ | ३ | ५ | २०६ |
| २२ | जिल्ला हुलाक कार्यालय | ४४० | ८ | ९ | ४८७ | ९४४ |
| २३ | जिल्ला वन कार्यालय | ३८० | ११ | ० | ३३ | ४२४ |
| २४ | ईलाका प्रहरी कार्यालय | २२४ | ० | ० | ० | २२४ |
| २५ | घरेलु तथा साना उद्योग बिकास समिति | ५४ | १८ | ३ | ० | ७५ |
| २६ | जिल्ला अदालत | १४२ | ३ | ५ | ० | १५० |
| २७ | सिचाई बिकास डिभिजन कार्यालय | १८३ | ५ | ५ | ० | १९३ |
| २८ | महिला तथा बालबालिका कार्यालय | १७० | १ | ० | ० | १७१ |
| २९ | जिल्ला प्रहरी कार्यालय | ९१५ | १५ | १३ | ० | ९४३ |
| ३० | राष्टिय अनुसन्धान जिल्ला कार्यालय | ४५ | ० | ० | ० | ४५ |
| ३१ | जिल्ला पशु सेवा कार्यालय | २७९ | ३ | १ | ० | २८३ |
| | जम्मा | ५००६ | १३० | ७१ | ५४० | ५७४७ |
| | कुल जम्मा | १८९९३ | २३७ | २१० | १६५५६ | ३६८६२ |

अनुसूची २

## बेरुजूको स्थिति

(रु हजारमा)

| क.स. | कार्यालयको नाम | शुरु बेरुजू | | प्रतिक्रिया बाट फछ्र्यौट र समायोजन | | बाँकी दफा र बेरुजू | | | | | असुली | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा | रकम | दफा | रकम | दफा | असुल गर्नुपर्ने | अनियमित | पेश्की | जम्मा | ले.प.को कममा | प्रतिक्रियाबाट | जम्मा |
| १ | मालपोत कार्यालय | ३ | ५५०४ | १ | | २ | - | ५५०४ | - | ५५०४ | - | - | - |
| २ | सरकारी वकिल कार्यालय | ७ | १७२७ | ५ | - | २ | २३० | १४९७ | - | १७२७ | - | - | |
| ३ | जिल्ला निर्वाचन कार्यालय | ३ | ७ | २ | ७ | १ | - | - | - | - | - | ७ | ७ |
| ४ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | २७ | २२१६१ | १५ | - | १२ | १७ | ११९०९ | १०२३४ | २२१६१ | - | - | - |
| ५ | जिल्ला प्राबिधिक कार्यालय | १२ | ३७९४ | ४ | - | ८ | १३४ | - | ३६६० | ३७९४ | १३ | - | १३ |
| ६ | जिल्ला बिकास समितिको कार्यालय | ६३ | २७०८१ | ४० | - | २३ | ८४० | १४२५८ | ११९८३ | २७०८१ | ४ | - | ४ |
| ७ | जिल्ला स्वास्थ्य कार्यालय | १९ | ३७८७ | ९ | - | १० | - | ३७८७ | - | ३७८७ | - | - | - |
| ८ | जिल्ला शिक्षा कार्यालय | २४ | १०३६७७ | १४ | - | १० | ४४०० | ९८९५९ | ३१८ | १०३६७७ | - | - | - |
| ९ | दुल्लु अस्पताल, दुल्लु | १६ | ११९२ | ६ | - | १० | ७६ | १११६ | - | ११९२ | २९७ | - | २९७ |
| १० | नया शहर आयोजना राकमकर्णाली | ४ | ४४७ | १ | - | ३ | - | २९२ | १५५ | ४४७ | - | - | - |
| ११ | जिल्ला प्रहरी कार्यालय | १ | २४२० | ० | - | १ | - | - | २४२० | २४२० | | - | - |
| १२ | बागबानी अनुसन्धान केन्द्र | ९ | ३ | २ | ३ | ७ | - | - | - | - | - | ३ | ३ |
| | जम्मा | १८८ | १७१८०० | ९९ | १० | ८९ | ५६९७ | १३७३२३ | २८७७० | १७१७९० | ३१४ | १० | ३२४ |

**द्रष्टव्य** : * *बेरुजूको दफा अन्तर्गत सैद्धान्तिक र लगती दुवैको जम्मा संख्या समावेश छ ।*

* *प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएको दफा संख्यामा प्रतिक्रियाबाट फछ्र्यौट एवं समायोजन गरी अनुसूचीमा बाँकी दफा कायम गरिएको छ ।*

# जिल्ला विकास समितिको एकीकृत आय-व्यय विवरण

**(रु हजारमा)**

| व.शि.नं. | आय | रकम | व.शि.नं. | व्यय | रकम |
|---|---|---|---|---|---|
| | **गत सालको जिम्मेवारी** | **४०९०९९६८.७५** | - | **चालु वर्षको खर्च** | |
| ६६३६५०१ | राजश्व वाँडफाँड | ७४४१००१.६ | - | **कोष तर्फ** | **५१५८२७०६.९६** |
| ६६३६५०२ | आन्तरीक आय कोष | २३६८१४२.६ | ६६३६५०१ | राजश्व वाँडफाँड | १३०२९३६.६ |
| ६६३६५०३ | लघु उद्यम विकास कार्यक्रम | ४३७८५९.७ | ६६३६५०२ | आन्तरीक आय कोष | १२१३५४० |
| ६६३६५०४ | गरिवी निवारण तथा सा.प.विशेष कोष | ३५३५०० | ६६३६५०३ | लघु उद्यम विकास कार्यक्रम | ० |
| ६६३६५०५ | प्रकोप व्यवस्थापन विशेष कोष | ४३०००० | ६६३६५०४ | गरिवी निवारण तथा सा.प.विशेष कोष | १०००० |
| ६६३६५०६ | स्थानिय विकास विशेष कोष | १३०००० | ६६३६५०५ | प्रकोप व्यवस्थापन विशेष कोष | ० |
| ६६३६५०७ | मानव संसाधन विकास विशेष कोष | १९५७८३४.४ | ६६३६५०६ | स्थानिय विकास विशेष कोष | ० |
| ६६३६५०८ | वातावरणीय व्यवस्थापन विशेष कोष | २०८४१ | ६६३६५०७ | मानव संसाधन विकास विशेष कोष | १७१८००० |
| ६६३६५०९ | कर्मचारी कल्याण कोष | २४२७८६९.७ | ६६३६५०८ | वातावरणीय व्यवस्थापन विशेष कोष | ५०००० |
| ६६३६५१० | महिला तथा वालवालिका विशेष कोष | ६०००० | ६६३६५०९ | कर्मचारी कल्याण कोष | ८२१३१५ |
| ६६३६५११ | झो.पु सोझै भुक्तानी ग्रा.प. | ६०६०६४ | ६६३६५१० | महिला तथा वालवालिका विशेष कोष | ५००० |
| ६६३६५१२ | आर.टि.आई स्वाप ग्रामीण पहुँच सो.भुक्तानी | ३८०२५६०.९ | ६६३६५११ | झो.पु सोझै भुक्तानी ग्रा.प. | ३७७१६५ |
| ६६३६५१३ | प्रयटन तथा संस्कृति मन्त्रालय | ३८२९२९ | ६६३६५१२ | आर.टि.आई स्वाप ग्रामीण पहुँच सो.भुक्तानी | २४२६७४८७.१६ |
| ६६३६५१४ | मर्मत सम्भार विशेष कोष | ३१६५३६०.३ | ६६३६५१३ | प्रयटन तथा संस्कृति मन्त्रालय | ० |
| ६६३६५१५ | भारतिय सहयोग भैरव उ.मा.वि. | ३४१७००८.०० | ६६३६५१४ | मर्मत सम्भार विशेष कोष | २३०३४३४ |
| ६६३६५१६ | भारतिय सहयोग मालिका उ.मा.वि. | २००२५०६ | ६६३६५१५ | भारतिय सहयोग भैरव उ.मा.वि. | ३४१७००८ |
| ६६३६५१७ | सडक वोर्ड | ६६४३३२ | ६६३६५१६ | भारतिय सहयोग मालिका उ.मा.वि. | ४५३८४०० |
| ६६३६५१८ | जि.टि.जेट स्वा.सहयोग | २५७६० | ६६३६५१७ | सडक वोर्ड | ६३८४५१ |
| ६६३६५१९ | भारतिय सहयोग नारायण क्याम्पस | १४२८८८५.७ | ६६३६५२१ | कन्टीन्जेन्सी मुल खाता | ७१९२९३४ |
| ६६३६५२० | लिलि कार्यक्रम | ४३६५४.३३ | ६६३६५२२ | स्थानिय निकाय ग-३ धरौटी | ३२२६९७.९४ |
| ६६३६५२१ | कन्टीन्जेन्सी मुल खाता | ७१९२९३४ | - | उर्जा कार्यक्रम | ३४०४३३८.२५ |
| ६६३६५२२ | स्थानिय निकाय ग-३ धरौटी | २०३६८२६.३ | - | **नेपाल सरकारको अनुदान** | ६९३६९०७६९.६७ |
| - | उर्जा कार्यक्रम | ५१४०९९.२२ | ३२५११३३ | संस्कृति प्रवर्धन कार्यक्रम | २४००००० |
| - | **चालु वर्षको आम्दानी** | | ३३११२७३ | नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम | ७३२४१९५७ |
| - | **कोष तर्फ** | ३९०६९९३८.५ | ३४३१०१३ | राष्ट्रिय युवा परिचालन | ६६५००० |
| ६६३६५०१ | राजश्व वाँडफाँड | ३२५२७८१ | ३४९८०१३ | स्थानिय शान्ति समिति | १०६८००० |
| ६६३६५०४ | गरिवी निवारण तथा सा.प.विशेष कोष | २१६००० | ३६५०१५३ | जेष्ठ नागरीक आालो तथा एकल कार्यक्रम | १६४१७६७०० |
| ६६३६५०५ | प्रकोप व्यवस्थापन विशेष कोष | २५०००० | ३६५१०४३ | स्थनिय निकाय वित्तीय आयोग | ४२१७०० |
| ६६३६५०६ | स्थानिय विकास विशेष कोष | १५०००० | ३६५१०६३ | उपेक्षेति उ.द.उ.विकास समिति | २७५००० |
| ६६३६५०७ | मानव संसाधन विकास विशेष कोष | १२३८००० | ३६५१५०३ | वादि समुदाय उत्थान विकास समिति | २००००० |
| ६६३६५०८ | वातावरणीय व्यवस्थापन विशेष कोष | ४५०००० | ३६५८०१३ | जि.वि.स.अनुदान | ५७८९५०४५ |
| ६६३६५०९ | कर्मचारी कल्याण कोष | ११२२०१६.१ | ३६५८०२३ | गाँउ विकास समिति अनुदान | १३०२४२००० |
| ६६३६५१० | महिला तथा वालवालिका विशेष कोष | २००००० | ३६५८०४३ | ग्रामीण खा.पा. तथा सरसफाई | २७७८९४२ |
| ६६३६५१२ | आर.टि.आई स्वाप ग्रामीण पहुँच सो.भुक्तानी | २१९००००० | ३६५८०५३ | ग्रामीण जलश्रोत व्यवस्थापन परियोजना | १५९८००८ |
| ६६३६५१४ | मर्मत सम्भार विशेष कोष | ३८६७५०० | ३६५८१०३ | ग्रामीण पँहुच चालु | १३९८९०६ |
| ६६३६५१७ | सडक वोर्ड | ७९०७७८ | ३६५८१९३ | स्थानिय शासन तथा सा.वि.कार्यक्रम | २२९५९८१५ |
| ६६३६५२२ | स्थानिय निकाय ग-३ धरौटी | २४२८३२६.५ | ३६५८४४३ | साना सिंचाई कार्यक्रम चालु | ५००००० |
| | उर्जा कार्यक्रम | ३२०४५३६.९० | ३६५८४५३ | गरिव सँग विश्वेश्वर कार्यक्रम | १८३५००० |
| | **नेपाल सरकारको अनुदान** | **६९३६९०७६९.६५** | ३६५८५०३ | निर्वाचन क्षेत्र विकास कार्यक्रम | ३६८८९४३३ |
| ३२५११३३ | संस्कृति प्रवर्धन कार्यक्रम | २४००००० | ३०८१०९३ | रोयल्टी व्यवस्थापन तथा वितरण | ३५२००० |
| ३३११२७३ | नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम | ७३२४१९५७ | ३९११०५३ | राष्ट्रिय स्वयं सेवक सेवा | ३०४२०० |
| ३४३१०१३ | राष्ट्रिय युवा परिचालन | ६६५००० | ६०१०१४३ | संचित विदा | ३३९८०८ |
| ३४९८०१३ | स्थानिय शान्ति समिति | १०६८००० | ६०१०१८३ | औषधि उपचार | ४४७५५२ |
| ३६५०१५३ | जेष्ठ नागरीक आालो तथा एकल कार्यक्रम | १६४१७६७०० | ३६५८०५४ | ग्रामीण जलश्रोत व्यवस्थापन परियोजना | १५२१३७७० |
| ३६५१०४३ | स्थनिय निकाय वित्तीय आयोग | ४२१७०० | ३६५८०८४ | स्थानिय यातायात झो.पु. क्षेत्रगत कार्यक्रम | १९२९६८७५ |
| ३६५१०६३ | उपेक्षेति उ.द.उ.विकास समिति | २७५००० | ३६५८०९४ | झो.पु क्षेत्रगत कार्यक्रम | १६९४५३१४ |
| ३६५१५०३ | वादि समुदाय उत्थान विकास समिति | २००००० | ३६५८१०४ | ग्रामीण पँहुच पुँजिगत | २१८००००० |
| ३६५८०१३ | जि.वि.स.अनुदान | ५७८९५०४५ | ३६५८३१४ | स्थानिय स्तरका स.पु.तथा सा.प.सु कार्यक्रम | २६४९५१८५ |
| ३६५८०२३ | गाँउ विकास समिति अनुदान | १३०२४२००० | ३६५८३७४ | साना सिंचाई नदि नि.तथा अन्य पु.कार्यक्रम | ८०७५०५१ |
| ३६५८०४३ | ग्रामीण खा.पा. तथा सरसफाई | २७७८९४२ | ३६५८४४४ | साना सिंचाई कार्यक्रम पुजिगत | ४५१७३२७५ |
| ३६५८०५३ | ग्रामीण जलश्रोत व्यवस्थापन परियोजना | १५९८००८ | ३६५८५१४ | आर्थिक केन्द्र तथा दुई जिल्ला जो.सडडक | १४२९९५३४ |
| ३६५८१०३ | ग्रामीण पँहुच चालु | १३९८९०६ | ३६५८०४४ | ग्रामीण खा.पा. तथा सरसफाई | ५५७८३०५ |
| ३६५८१९३ | स्थानिय शासन तथा सा.वि.कार्यक्रम | २२९५९८१५ | ३६५८००७३ | ग्रामिण पुर्वाधार विकास कार्यक्रम | २१२१९८८.३३ |

| व.शि.नं. | आय | रकम | व.शि.नं. | व्यय | रकम |
|---|---|---|---|---|---|
| ३६५८४४३ | साना सिंचाई कार्यक्रम चालु | ५००००० | ३६५८००७४ | ग्रामिण पुर्वाधार विकास कार्यक्रम | १८७०२४०६.३४ |
| ३६५८४५३ | गरिव सँग विश्वेश्वर कार्यक्रम | १८३५००० | **मौज्दात बाँकी** | | **२८३९७२००.२८** |
| ३६५८५०३ | निर्वाचन क्षेत्र विकास कार्यक्रम | ३६८८९४३३ | ६६३६५०१ | राजश्व वाँडफाँड | ९३९०८४६.०३ |
| ३०८१०९३ | रोयल्टी व्यवस्थापन तथा वितरण | ३५२००० | ६६३६५०२ | आन्तरीक आय कोष | ११५४६०२.५५ |
| ३९११०५३ | राष्ट्रिय स्वयं सेवक सेवा | ३०४२०० | ६६३६५०३ | लघु उद्यम विकास कार्यक्रम | ४३७८५९.७ |
| ६०१०१४३ | संचित विदा | ३३९८०८ | ६६३६५०४ | गरिवी निवारण तथा सा.प.विशेष कोष | ५५९५०० |
| ६०१०१८३ | औषधि उपचार | ४४७५५२ | ६६३६५०५ | प्रकोप व्यवस्थापन विशेष कोष | ६८०००० |
| ३६५८०५४ | ग्रामीण जलश्रोत व्यवस्थापन परियोजना | १५२१३७७० | ६६३६५०६ | स्थानिय विकास विशेष कोष | २८०००० |
| ३६५८०८४ | स्थानिय यातायात भ्रो.पु. क्षेत्रगत कार्यक्रम | १९२९६८७५ | ६६३६५०७ | मानव संसाधन विकास विशेष कोष | १४७७८३४.३५ |
| ३६५८०९४ | भ्रो.पु क्षेत्रगत कार्यक्रम | १६९४५३१४ | ६६३६५०८ | वातावरणीय व्यवस्थापन विशेष कोष | ४२०८४१ |
| ३६५८१०४ | ग्रामीण पँहुच पुँजिगत | २१८००००० | ६६३६५०९ | कर्मचारी कल्याण कोष | २७२८५७०.८७ |
| ३६५८३१४ | स्थानिय स्तरका स.पु.तथा सा.प.सु कार्यक्रम | २६४९५१८५ | ६६३६५१० | महिला तथा वालवालिका विशेष कोष | २५५००० |
| ३६५८३७४ | साना सिंचाई नदि नि.तथा अन्य पु.कार्यक्रम | ८०७५०५१ | ६६३६५११ | भ्रो.पु सोभ्रे भुक्तानी ग्रा.प. | २२८८९९ |
| ३६५८४४४ | साना सिंचाई कार्यक्रम पुजिगत | ४५१७३२७५ | ६६३६५१२ | आर.टि.आई स्वाप ग्रामीण पहुँच सो.भुक्तानी | १४३५०७३.७१ |
| ३६५८५१४ | आर्थिक केन्द्र तथा दुई जिल्ला जो.सडŠ क | १४२९९५३४ | ६६३६५१३ | प्रयटन तथा संस्कृति मन्त्रालय | ३८२९२९ |
| ३६५८०४४ | ग्रामीण खा.पा. तथा सरसफाई | ५५७८३०५ | ६६३६५१४ | मर्मत सम्भार विशेष कोष | ४७२९४२६.२९ |
| ३६५८००७३ | ग्रामिण पुर्वाधार विकास कार्यक्रम | २१२१९८८.३३ | ६६३६५१६ | भारतिय सहयोग मालिका उ.मा.वि. | -२५३५८९४ |
| ३६५८००७४ | ग्रामिण पुर्वाधार विकास कार्यक्रम | १८७०२४०६.३४ | ६६३६५१७ | सडडक वोर्ड | ८१६६५९ |
| | | | ६६३६५१८ | जि.टि.जेट स्वा.सहयोग | २५७६० |
| | | | ६६३६५१९ | भारतिय सहयोग नारायण क्याम्पस | १४२८८८५.७४ |
| | | | ६६३६५२० | लिलि कार्यक्रम | ४३६५४.३३ |
| | | | ६६३६५२२ | स्थानिय निकाय ग-३ धरौटी | ४१४२४५४.८४ |
| | | | | उर्जा कार्यक्रम | ३१४२९७.८७ |
| | **कुल जम्मा** | **७७३६७०६७६.९०** | | **कुल जम्मा** | **७७३६७०६७६.९०** |

अनुसूची - ४

# जिम्मेवार पदाधिकारीहरुको नामावली

| सि.नं. | कार्यालय | कार्यालय प्रमुख | लेखा प्रमुख |
|---|---|---|---|
| १ | मालपोत कार्यालय | श्री रेशम बहादुर थापा, श्री बालकृष्ण रानामगर | श्री चन्द्र बहादुर मल्ल |
| २ | सरकारी वकिल कार्यालय | श्री लक्ष्मी नारायण दाहल, श्री बिष्णु प्रसाद पौडेल | भ्रक्कल बहादुर थापा |
| ३ | जिल्ला निर्वाचन कार्यालय | श्री भक्त बहादुर कार्की | श्री रामकुमार शाह |
| ४ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | श्री सिताराम काफ्ले | श्री मान ब. ठाडा, श्री उमेश धमला |
| ५ | जिल्ला प्राबिधिक कार्यालय | श्री प्रभाकर प्रसाद सिह | श्री छत्रमान सुवेदी |
| ६ | जिल्ला बिकास समितिको कार्यालय | श्री हरि प्याकुरेल | श्री मुक्ति प्रसाद चापागाई |
| ७ | जिल्ला स्वास्थ्य कार्यालय | डा. श्री निर्मल रसायली | श्री ढाल बहादुर हमाल |
| ८ | जिल्ला शिक्षा कार्यालय | श्री बिष्णु प्रसाद गोतामे, श्री बिष्णु प्रसाद अधिकारी | श्री दिनेस कुमार खड्का |
| ९ | दुल्लु हस्पिटल, दुल्लु | डा.श्री गोबद्धन थापा | श्री कुमार प्रसाद उपाध्याय |
| १० | नया शहर आयोजना राकमकर्णाली | श्री सञ्जिब कुमार साह | श्री बिकेन्द्र ढकाल |
| ११ | बागबानी अनुसन्धान केन्द्र | श्री अमर बहादुर पुन | श्री महेन्द्र महर्जन |
| १२ | जिल्ला प्रहरी कार्यालय | श्री बिर बहादुर वली | श्री रमेश शाही |

977-1-4258172, 4255707

977-1-4268309, 4262798

info@oag.gov.np

13328

Kathmandu, Nepal

www.oagnep.gov.np